'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

१६

वर्ष ३, अंक १ | बुद्ध सम्वत २५५९ | ने.सं. ११३५ बछलाथ्व | वि.सं. २०७२ बैशाख २१



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार*

**श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट**

# अर्हत

त्रैमासिक

वर्ष ३ | अङ्क १ | पूर्णाङ्क १६ | नेसं.११३५ बछला थ्व

शक सं. १९३७ | २०७२ वैशाख २१ | बुद्ध सं. २५५९

**सल्लाहकार**

रत्नसुन्दर शाक्य

जुनु बासुकला रंजितकार

चन्द्रबहादुर उलक

**सम्पादक / प्रकाशक**

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको

सहयोगार्थ प्रकाशित

**बजार व्यवस्थापन तथा वितरण**

गोपीकृष्ण प्रजापति

बालमुकुन्द बासुकला

**कम्प्युटर**

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१९१०७

**मुद्रण**

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.

बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-


# सम्पादकीय

बुद्ध सवत् २५५९ को पावन अवसरमा सम्पूर्ण शान्तिकामी नेपालीहरूमा बौद्ध दर्शन अध्ययन समाज तथा त्रैमासिक 'अर्हत्' परिवार हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

आज त्रिसंयोग युक्त दिन हो । कपिलवस्तुका राजा शुद्धोधनका पुत्र सिद्धार्थ गौतमको जन्म नेपालको लुम्बिनी बनमा भएको, सिद्धार्थले बुद्धत्व प्राप्त गरेको र ८० वर्षको उमेरमा महामानव गौतम बुद्धले महापरिनिर्वाण प्राप्त गरेको दिन आजै हो । त्यसकारण आजको दिन पवित्र छ ।

हरेक वर्ष बुद्ध जयन्तीको अवसरमा हामीले बितेका दिनहरूमा बुद्धको उपदेशलाई के कति व्यवहारमा लागू गर्न सक्यौं, के कति गर्न सकेनौं, आफ्नो मनभित्र लुकेर बसेको अशुद्ध भावनाहरूलाई के कति पन्छाउन सक्यौं, के कति सकेनौं र अबको नयाँ दिनहरूमा थोरै भए तापनि बुद्धको उपदेशलाई पालन गर्छौं भन्ने प्रतिज्ञा गर्न सके साँच्चै समाजको हित नहोला र ?

मुटुभरि अन्धविश्वास र तृष्णा संगालेर धूप र अक्षताले बुद्धको प्रतिमामा पूजा गर्दैमा बुद्धलाई सम्मान र भक्ति देखाएको ठहरिदैन । अतः २५५९ औं बुद्ध जयन्तीको अवसरमा सबै नेपालीहरूले साँचो अर्थमा बुद्ध जयन्ती मनाउन प्रेरणा प्राप्त होस् ।

हामी अर्हत् त्रैमासिकलाई निरन्तरता दिने प्रयासमा छौं । यस अङ्क यो वर्षको नयाँ अङ्क हो । आजसम्ममा जम्मा पूर्णाङ्क १६ पुगिसकेको छ । यो बौद्ध साहित्यिक पत्रिकालाई नियमित बनाउन विभिन्न विद्यालय, कलेज, उद्योग, व्यवसायी, संघ-संस्था, पाठक तथा लेखक महानुभावहरूले निःस्वार्थ सहयोग गर्दै आउनुभएको छ । उहाँहरूको सहयोगविना अर्हत् नियमित हुन गाह्रो छ । उहाँहरूको सहयोगप्रति बौद्ध दर्शन अध्ययन समाज सहर्ष धन्यवादका साथ आभार व्यक्त गर्दछ ।

महामानव बुद्धले सम्पूर्ण मानव जातिलाई उपदेश दिनुभएको छ–'झुटो नबोल,' । तर मान्छेहरू बुद्धलाई जय जयमार गर्दै पाइलैपिच्छे असत्य बोल्दै हिंड्छन् । उदाहरणको लागि मित्र राष्ट्र भारतका वर्तमान प्रधानमन्त्री मोडीले नेपालमा छंदा 'बुद्ध नेपालमा जन्मेको हो' भनेर नेपाली नेताहरूको ताली बटुल्ने तर नेपाल बाहिर अरू राष्ट्रहरूमा पुग्दा 'गौतम बुद्ध' भारतमा जन्मेको हो भन्न हिच्किचायनन् । यसरी दिनलाई रात भन्न सक्ने मित्रहरूको विश्वासमा शान्तिकामी नेपालीहरू भर पर्न सकिएला र ? भनिन्छ– "धर्म छोडेर झूटो बोल्ने र परलोकको चिन्ता नगर्नेले गर्न नसक्ने पाप यस लोकमा छँदै छैन ।"

-अस्तु



# उत्तम लाभ र परम सुख

भिक्षु अश्वघोष, संघाराम विहार
ढल्को, विष्णुमती, काठमाण्डौं

गौतम बुद्धको उपदेशको प्रमुख उद्देश्य अर्थात् मुख्य सार नै दु:खबाट मुक्ति पाउनु हो । अर्को शब्दमा भन्ने हो भने निर्वाण सुख प्राप्त गर्नु हो । बुद्धले ४५ वर्षसम्म प्रचार गर्नुभएको धर्मको सँगालो त्रिपिटक मध्ये एक सूत्रपिटकमा उहाँले साधारण मानिसहरुको दैनिक जीवन सुखमय बनाउने विषयमा शिक्षा दिनुभएको देखिन्छ । यसको मतलब बुईगलमा पुग्नको लागि पहिला छिंडीमा भऱ्याङ्ग चढ्नु पर्दछ । अनि त्यसपछि चोतामा पुगिन्छ । चोताको भऱ्याङ्ग चढेपछि मात्र बल्ल बुईगलमा पुगिन्छ ।

यसरी नै बुद्ध शिक्षा अनुसार दु:खबाट मुक्ति प्राप्त गरी निर्वाण सुख प्राप्त गर्नका लागि चढ्नुपर्ने कतिपय सिढी वा भऱ्याङ्गहरु यसरी रहेका छन्-

१) स्वास्थ्य लाभ
२) सन्तुष्ट रहनु
३) विश्वास पात्र बन्न सक्नु
४) परम सुख निर्वाण प्राप्त गर्नु ।

बुद्ध शिक्षानुसार 'आरोग्य परमालाभा' अर्थात् स्वास्थ्य लाभ हुनु नै परम लाभ हो । रोगी भएर जीवन बिताउन पर्दा नारकीय जीवन बिताउने जस्तै अनुभव हुनेछ । किनभने रोगी व्यक्तिको लागि थुप्रै धनसम्पति भएपनि ठूलो घरबार भएपनि मनले साँचो सुख र आनन्द पाउन सक्दैन । आफूलाई मनपर्ने खाना खान पाउँदैन । मनपर्ने ठाउँमा जान र घुम्न पाउँदैन ।

स्वास्थ्य लाभको लागि र शान्ति स्थापनाको लागि पाँचवटा तत्वहरुको आवश्यकता पर्दछ । ती यसरी छन्-

१) पोषिलो आहारको राम्रो व्यवस्था हुनुपर्दछ ।
२) जीवन बिताउनको लागि अर्थात् रहन सहनको लागि राम्रो व्यवस्था हुनुपर्दछ ।
३) आफूसँग रहने व्यक्ति झगडा एवं संकुचित मन भएको हुनु हुँदैन ।
४) मौसम अनुसार अनुकुल लुगाफाटोको व्यवस्था हुनुपर्दछ ।
५) आफूमा पनि संकुचित विचार अर्थात् संकीर्ण विचार हुनु हुँदैन अर्थात् विचारधारा मिलनसार र सरल हुनुपर्दछ ।

उपरोक्त पाँच प्रकारका आवश्यक तत्वहरु पूर्ति हुन सकेको खण्डमा हामीले निरोगी भइ शान्तमय जीवन बिताउन सक्नेछौं । संसारका सबै मानिसहरु आहारमा निर्भर छन् । भोका मानिसलाई धर्मको चेतना र नैतिकता नहुनु स्वाभाविक नै हो । भोकाएको मानिसले के मात्र पाप नगर्ला र ? यस सम्बन्धमा एक जना मानिसले सोधेको प्रश्नको लागि बुद्धले यसरी उत्तर दिनुभएको थियो ।'

संसारको ठूलो समस्या नै आहारको पूर्ति नहुनु हो । सबै प्राणी आहारमा निर्भर रहेका हुन्छन् ।

*'सब्बे सता आहारट्ठितिका'*

दोस्रो बुँदा हो ? स्थान । बस्ने घरको व्यवस्था पनि राम्रो हुनुपर्छ । एउटै कोठा लाई बिरामी, भान्छाकोठा र सुत्ने कोठाको रुपमा प्रयोग गरियो भने त्यहाँ मानिसले स्वास्थ्य लाभ गर्न सक्दैन ।

तेस्रो बुँदा हो, आफूसँगै बस्ने मानिस झगडालु र संकुचित स्वभाव र असन्तोषी स्वभावको भइदियो भने पनि त्यहाँ निरोगी भई जीवन बिताउन कठीन हुन्छ । त्यसैले

सँगै जीवन बिताउने मानिसको मन उदार र फुक्का हुन जरुरी छ । जीवन निरोगी र आनन्दपूर्वक बिताउनका लागि यो पनि अत्यावश्यक तत्व हो ।

चौथो बुँदा हो , मौसम अनुकुलको लुगाफाटो र ओढ्ने आदिको राम्रो व्यवस्था हुनुपर्दछ । यी व्यवस्थाहरु हुन सकेन भने जाडोयाममा मानिसहरु चीसोले कठ्याङ्ग्रिएर मर्ने सम्भावना हुन्छ । नेपाल, हिन्दुस्तान आदि एशिया मुलुकमा मात्र नभई यूरोपीय देशहरुमा पनि गरीब मानिसहरु अकालमा मर्ने गर्छन् ।

गर्मी मौसमको लागि हलुका र पातलो सुती लुगाको आवश्यक हुन्छ । तातो हावा (लू) बाट बच्नको लागि सुरक्षित घरको व्यवस्था नहुनाले सयकडौं मानिसहरुको अकालमा मृत्यु भएको समाचार समय समयमा सुन्नु पर्ने हुन्छ । विभिन्न पत्रिकामा पढ्न पाइन्छ ।

पाँचौ बुँदा आफूसँगै बस्ने मानिसको विचारधारा मिलनसार हुनुपर्छ । विचार मिलेन भने एक आपसमा झगडा, कलह र अशान्ति हुने गर्दछ । अनि मानसिक रोगले सताउन थाल्दछ । सबभन्दा ठूलो समस्या नै एक आपसमा विचारधारा नमिल्नु हो । बुद्ध जन्मभुमी नेपालमा आजभोली व्याप्त भइरहेको अशान्ति वातावरणको प्रमुख कारण नै एक आपसमा विचारधारा नमिल्नु र माथि उल्लेखित चारवटा आधारभूत आवश्यकताको पूर्ति हुन नसक्नु नै हो । सहिष्णुता र सहनशीलता भएमा विचारधारा नमिलेपनि शान्तपूर्वक जीवन यापन गर्न सक्नेछ ।

उदाहरणको लागि दामपत्य जीवन विताइरहेका गुहस्थीहरुमा सहनशील र सहिष्णुता भएको कारणले कतिपय घरमा एक आपसमा विचारधारा नमिले पनि शान्तपूर्वक नै जीवनयापन गरिरहन सफल रहेका देखिन्छन् ।

अब यहाँ मेरो नै एउटा उदाहरण दिन चाहन्छु र मेरा धेरै चेलाहरु छन् । तर मेरो र उनीहरुको विचारधारामा भने मेल खान सक्दैन समय समयमा । त्यसैले हामी बीच कहिले कहीं वाक युद्ध पनि चल्ने गर्छ । तर यो क्रम धेरै दिन टिक्दैन । फेरि हामी बीच सहनशील र सहिष्णुतापूर्वक नै व्यवहार चल्न थाल्छ । यसरी हामी बीच शान्तपूर्वक जीवन बिताउनुभन्दा शान्त र सहनशीलतापूर्वक जीवन बिताउन पाउँदा मात्र मानसिक शान्ति प्राप्त हुने गर्छ ।

गौतम बुद्धले परम सुख विषयमा यसरी बताउनु भएको छ-'सन्तुट्ठी परम सुख' अर्थात् सन्तुष्ट हुन सकेमा परम सुखको अनुभव हुनेछ । तर सन्तुष्ट हुन नसके सधैं दु:खी भइ जीवन बिताउनु पर्ने हुन्छ । तर यस्तो भन्नु भयो भन्दैमा आधारभूत आवश्यकता नै पूर्ति हुन नसकेपनि सहेर सन्तुष्ट भइ बस्नु बुद्ध शिक्षा अनुसार आफूलाई आधारभूत आवश्यकता परिपूर्ति नभएसम्म इमान्दारीपूर्वक धन कमाउन खूब मेहनत र प्रयत्न गर्नुपर्छ । सौतेनीआमाको छत्रछायाँमा हुर्कनु पर्ने छोराछोरीहरुले बाध्य भइ सहेर बसे जस्तै सहेर बस्नुपर्छ भनी बुद्धले भन्नुभएको होइन । ठाउँ र अवस्था हेरी आफ्नो मनलाई सन्तुलनमा राख्ने सल्लाह दिनभएको छ बुद्धले ।

बुद्ध शिक्षानुसार हामीले आफ्नो आगात र क्षमता अनुसार सन्तुष्ट बन्न सक्नुपर्छ । उदारहणको लागि एकपटक दूधमा केही प्रदुषित पदार्थ मिसिएको समाचारले काठमाडौंका जनताले दूध विना कागती चिया मात्र पिएर पनि आफ्नो चित्त बुझाउन सकेका थिए । यस घटनाले धेरैजसोले अनुभव गरे-चिया पिउनका लागि दूध नै चाहिन्छ भन्ने छैन रहेछ । सन्तुष्ट बन्न सक्नुको ज्वलन्त उदाहरण हो यो ।

अर्को घटना, भारत सरकारले नेपाललाई नाकाबन्दी गरेको समयमा नेपालमा तेल लगायत अन्य पदार्थहरुको हाहाकार मच्चियो । यस अवस्थामा पनि जनताले सन्तुष्ट र सहनशीलताका साथ आफ्नो जीवन बिताए । दु:खी बनेनन् उनीहरु । यस घटनाले नेपाली जनता दु:खको समयमा पनि सुखपूर्वक जीवन बिताउन सक्षम रहेको उदाहरण प्रस्तुत गरेको छ । बुद्धले भन्नुभएको सन्तोषले सदा सुखीले रहन सक्ने र परम सुखको लागि सन्तोष रहनु पर्ने यथार्थतालाई यस घटनाले प्रस्तुत गरेको छ ।

मानिसको जीवन सुखमय बनाउनको लागि

नभइ नहुने अर्को तत्व विश्वास पात्र बन्न सक्ने व्यक्ति मात्र सही ज्ञानी बन्धु र आफन्त हुन सक्नेछ । धेरै जसो विदेशी दाताहरुले नेपालमा मानवताको हैसियतले मात्र सहयोग (आर्थिक सहयोग) गरिरहेको बुझिन्छ । ती दाताहरुको विश्वास पात्र बन्न सकिरहेको छैन नेपालीहरु ।

बनेपा ध्यानकुटी विहारमा खोलिएको बाल आश्रममा समय समयमा जापानी र अन्य विदेशी यात्रीहरु आई यथाशक्य सहयोग गर्छन् । तर उनीहरुले पैसा होइन जुत्ता, स्टेशनरी र फ्रीज आदि सामान र लुगा फाटाहरु मात्र दिने गर्छन् । स्कूल फी पनि तिरीदिन्छौं तर पैसा र नगद दिन्नौं भन्छन् । उनीहरुको यस कुराबाट स्पष्ट हुन्छ नेपालीहरु जति इमानदार हुनुपर्ने हो त्यति हुन सकिरहेका छैनन् । उनीहरु भन्छन्-"नेपालीहरुले हिसाव राम्ररी देखाउने गर्दैनन् । हामीले नेपालको विकासको लागि अन्य क्षेत्रमा पनि सहयोग गरिरहेका छौं । त्यसैले नेपालीहरुको बानी व्यवहार बारे राम्रो अनुभव छ हामीलाई ।'

उनीहरुको यस भनाईबाट थाहा पाउन सकिन्छ- विदेशीहरु समक्ष नेपालीहरु जति मात्रामा विश्वासपात्र बन्नु पर्ने हो त्यति बन्न सकिरहेका छैनन् ।

अखबारमा छापिएको अर्को एक उदाहरण लिउँ- 'एकजना मानिसले आफ्नी श्रीमतीको दाइजोबाट प्राप्त भएको घर खेत सबै आफ्नो नाममा नामसारी गरी श्रीमतीलाई भने घरबाट धपाएर पठाइदिएछ । यो कति सम्मको अन्याय, अमानवीय र अविश्वासी कार्य भएको छ ।

यसरी नै अखवारमा छापिएको अर्को एउटा घटना यसरी रहेको छ-

एउटा बूढोको तीनवटी छोरीहरु रहेछन् । ती तीनवटै छोरीहरुको विवाह भइसकेको रहेछ । बूढो एक्लै भएकोले जेठी छोरी बोलाई आफ्नो सेवा गराउन राखेछ । बूढोले भनेछ-" छोरी । मेरो सेवा गरेर बस्नु । अनि मेरो शेष पछि मेरा सबै सम्पतिहरु तिमीलाई नै भयो ।" जेठी छोरीले बूढो बुबाको घरमा बसी १ वर्षसम्म त सेवा गरिन् । त्यतिञ्जेल उनीले बूढो बुबाको सारा घरखेत र सम्पति पनि आफ्नै नाममा लेखाई हात पारिछिन् । जब सबै सम्पति हात पारिन् तब आफू सुटुक्क श्रीमान्को घरमा बस्न गइछन् । यसरी आफ्नै बूढो बुबालाई अनाथ पारिन् । विचरो बूढोलाई उनकै माइली र कान्छी छोरीले पनि वास्ता गर्न छोडेका रहेछन् । बूढो अनाथ भई विचल्लीमा परेका रहेछन् । यो कस्तो अविश्वासको कुरो हो ।

बुद्ध शिक्षानुसार परम सुख र निर्वाण हो । निर्वाण प्राप्त गर्नका लागि तृष्णबाट मुक्त हुन सक्नुपर्छ । आफूले कसैलाई उपकार गरेको छ भने पनि यस विषयलाई बारम्बार सम्झी मैले यसरी उपकार गरें भनी घमण्ड गर्ने बानीबाट मुक्त हुनुपर्दछ । किनभने धर्मकार्य नाम कमाउनको लागि गरिने कार्य होइन । कसैले आफ्नो निन्दा उपहास गरेको छ भनेपनि त्यसलाई पनि बिर्सन सक्नु पर्दछ । पूरा नै निष्कलंक जीवन बिताउन सकेमा मात्र निर्वाण प्राप्त हुनेछ । अर्को भाषामा भन्ने हो भने दुःखबाट मुक्त हुन सकिनेछ ।

बुद्ध शिक्षानुसार मानिसले जन्म लिने वित्तिकै तीन कुराहरु पनि साथै लिएर आउँछ । ती यसरी छन्-" बूढो हुनु, रोगी हुनु र मृत्यु हुनु । यी प्रकृतिको नियम नै हो तर आर्थिक चिन्ताबाट मुक्त हुनु सकेमा, पीर लिन नपर्ने काम गर्न सकेमा र ठीक समयमा नै खाना खाने बानी भएमा दीर्घायू र स्वास्थ्य लाभ भई सफलतापूर्वक जीवन बिताउन सकिनेछ ।

२५५५ औं बुद्ध जयन्तीया लसताय् सकल मानव पिनिगु भिंगु चेतना जागृत जुइमा धका भिन्तुना देछाय् च्वना ।

Pro. ASHOK BAJRACHARYA
CLASSICAL SILVER HANDICRAFT
(expoter & Holesalers)
Durbar Square, Sakotha-11, Bhaktapur, Nepal
Tel:0977-1-6612570, 9841299601
e-mail:abstb@wlink.com.np

# Ashoka's Contribution in the Publicity of Buddhism



Prof. Suwarna Sakya

The emperor Ashoka can be taken as the especial person in publicizing Buddhism among the Buddhists who purseued his teaching . He had publicized the Dharama up to 600 miles far from his motherland . He had sent the team of monks and nuns by forming them for the publicity of Buddhism and sent to Srilanka, Burma, Syria, Sayareen, Vakainia, China and Japan. Ashoka was the son of King Bindusara of Maurya Dynasty. His mother's name was Subhadrangee. She was daughter of Brahmin of town of Champa. When Ashoka was born, the king had asked queen what name they should give to newly born son. Since her shoka (misery) illuminated form the time of son's birth, he should be named as Ashoka, the queen had replied. Thus his name was kept accordingly. King Bindusara had 12 queens and the eldest son's name was 'Sumana'. Sunce Aahoka had helped in tasks of the state and was rich of various qualities and was also given hand by the ministers, he becane the king by keeping behind the price Sumana. According to the Sinhalese folklore, Ashoka became king after four year of death of King Bindusara in 268 BC.

Ashoka invaded a place called Kalinga which was situated near the gulf of Bengal at the center of Godavaree and Mahanadee rivers on the ninth year of his coronation. King Ashoka had victory there. This war which was succeeded by flowing the river of blood transferred the heart of emperor Ashoka. And his life's turning point was changed. There, he deternined himself-"Now forth, I won't have war with anyone and will tie this world into a single strand by taking the message of love!" by saying these words, he enunciated his weapons on the tenth day of bright fort night of Ashwina. In this way, Ashoka had declared Buddhism as the state religion by becoming the followen of non-violence.

Now, Ashoka took pilgrimage instead of war Voyage and involved himself in the publicity of Buddhism. He made resided to monks and nuns by making religious establishment and monastry in different places by organizing exhibition with religious objective. He had made the system of listening religious discourse by discussing it .He ordered to write inscriptions of religious principles and sermons on the stones of mountains, stone pillars and cave. He had stoppped the fire-sacrifices that inspire useless observance and animal sacrifice which were performed during birth-death marriage-rite of tonsure ceremonies. He had provided facility of streets, shade and shelters, tap and well and trees planting by facilitating the hospital even for animals. He had contributed in Buddhism by writting Buddhist canons in pali language.

During that period, Buddhist was divided into eighteen parts. In that way, as some dispute arise in comtemporary Buddhist Sangha. Ashoka organized the Third Council in the presidentship of venerable monk Upagupta in order to slove out the argument. Ashoka wiped out the laxity and evil tat appeared in Buddhism through that council. And he supplied new life to that religion. After this council, different monks were sent to various places for promulgation of the religion. Among

those assigned monks, Majjhantika in Kashmeera and Gandhara, Mahendra in Lanka (Tamraparnee), Maharakshita in Yawandadesha, Sona in Swarnabhoomi, Mahendeva in Uttara, Maisoora, Kasyapa, Pajjhimamooladeva, Sahadeva and Dundubhirachara in Himalaya region. Rakshita in Northern Kanara (Banabasee), Mahadhammarakkhita in Maharastra and Yaunaka in province of Kankama were sent. The daughter of emperor Ashoka called Sanghamitra had gone to Lanka with a branch of Sacred Bodhi Tree since she was requested. Five hundred women of Lanka had accepted Buddhism with her. The state of Lanka became filled up with Lord Buddha's teaching when the king also granted Buddhism and 40,000 people became Buddhists there.

In this way, 84 thousand people accepted Buddhism in Himalaya region whereas 40 thousands people near Maisoora acknowledge it. Thirty seven thousand people became monk there. Twenty eight thousand people entered into Buddhism in provice of Kankama while 84 thousands became Buddhists in Maharashtra and 13 thousands became monk. In Kashmeera 80 thousand along with the king became Buddhists and one million became monk there. In the state of Yawandadesha which lies at the northern western border of India, 70 thousand people turned into Buddhism and ten thousand people spent the monkshood life.

We can find may histories of the incidences of war that had been fought in the name of religion. Ashoka has said in a stome inscription feeling that people haven't pursued the real religion-"I would like to see each opinion raised and bloomed through the means of religion". In an another insciption, he had said that religion means to remain aloof from sin and to do good work or to follow pity, bequest, truth and limpidness.

Ashoka had blown the trumpet of religion through stone-insciption, pillar-inscription and writings in den in every nook and corner of his state. These columns written in huge stones were found of 45 meter high and weight of tons. The polish implied in those inscription is so original that it seems as if were done today only. The 3 inscription writings that were written in cave have been found near the mountain of Gaya.

The huge nine column writings were found in following places at Niglihawa and Lumbini of Nepal, at Topara near Ambala, at Meratha and Kausambi of Alahavad, Rampurwa of Champarana, at Lauriya of Aarajja, Lauriya of Nandagadha and Aara, Small four pillar inscriptions were found in Saranath, Sanchee and Kausambi, Similarly 19 stone inscriptions have been found in following places: Bramhagiri (Maisoora), Roopanath (Jawalpur), Shasaram (Vihar), Bairata (Jaipur), Eeraguthi (South Haidrabad), Gujarat (Madhyapradesh), Rameshore-Shahwajagadhee (Peshawar), Mansehara (Hajara), Girnar (Junagadh), Sopara (Thana), Kalasi (Deharadun), Dhauli (Puri) and Jaugadh (Ganjam).

Ashoka had publicized the explanation, constitute, Buddhism which was found by the Tathagata Lord Buddha with a great effort. He mad Buddhism a worldwide religion.

Buddhism in a plan made for spending a meaningful life for every human being. In order to extend this plan, Ashoka had send envoys to different places. The third council was a meaningful and live venture. The envoy of the monk's order was a mission that was sent by decision of the Third Council for the long survival of Buddhism. The task of this mission was not only the publicity of the religion but also other human welfare works. In realigy. Buddhism didn't spread in the particular places where these missions went but was spread in other countries too from its effect.

Emperor Ashoka had made 84000 monastery and buildings for the residence of the monks. Especially, Theravada Buddhism was much publicized in the southern and Western parts of Asia. Ashoka had kept his the wheel of religion as his symbol The ensemble of three lion which was considered to be auspicious that symbolizes truth, religion and non-violence, the great empero Ashoka embraced the religion of Buhhda with good intention and real faith. Therefore, India has made th wheel of religion its national Symbol. In this way, Ashoka had contributed a great contribution in promotion of Buddhism.

# पण्डित निष्ठानन्द बज्राचार्य



[illegible] सुन्दर शाक्य

नेपालमा बुद्ध धर्म र नेपालभाषा साहित्यको व्यापक प्रचार प्रसार गर्नमा अग्रणी भूमिका निभाउनुभएका १९ औं र २० औं शताब्दीको शुरुका केही प्रमुख व्यक्तिहरुमा पण्डित निष्ठानन्द बज्राचार्य पनि एक हुनुहुन्छ ।

उहाँको जन्म वि.सं. १९१५ (ने.सं. ९७८) सालको मंसिर महिनामा कान्तिपुर ओम्‌बहालस्थित नकबहीमा पिता मुक्तानन्द बज्राचार्य र माता थकुमती बज्राचार्यको पु[illegible]र भएको थियो ।

उहाँले साधारण शिक्षा एवं पूजापाठ गर्न सके पश्चात नै आफ्नो बज्रयानी परम्परानुसार जजमान ( पुरोहित) कार्यमा लाग्नु भएको थियो । माता-पिताले उहाँलाई १५ वर्षको उमेरमै विवाह गरिदिए जसबाट २० वर्षको उमेरमा उहाँ दुई सन्तानका बाबु भए ।

अफशोच ! यस अवधिभित्र मै उहाँको माता-पिता दुवैको परलोक हुन भएको कारण घर-व्यवहार(गृहस्थी) चलाउन उहाँले बाध्य भई व्यापार कार्यमा पनि लाग्नु भएको थियो । व्यापार कार्यमा उहाँले प्रगति गर्दै लगे जसबाट उहाँको ध्यान विद्याध्ययन तर्फ नभइ सिर्फ आम्दानी अनुसार मोजमस्तिमा लागेको कारण उहाँको एक आफन्तले केही कटुशव्द प्रयोग गरे जसबाट उहाँमा आफ्नो बज्राचार्यभावको गौरवको स्मरण गर्न मौका मिल्यो ।

यसकारण आफ्ना एक आफन्त दाजु आशामदुको प्रेरणाबाट उहाँले पुन: विद्याध्ययन तर्फ लागे । सर्वप्रथम उहाँले वीर पुस्तकालय घण्टाघरका पुस्तकालयध्यक्ष आफ्ना परिचित पण्डित कुलमान बज्राचार्यकहाँ गई सारस्वत व्याकरणको अध्ययन शुरु गरे । त्यसपश्चात् पाटनका एक ब्राम्हण पण्डितसित काव्य, अलंकार र कोषको वारेमा पनि ज्ञान हाशिल गर्दै लगे । यसको केही वर्ष पश्चात् नै उहाँ कान्तिपुरका एक प्रसिद्ध पण्डित कहलाए ।

उहाँले वि.सं. १९५८(ने.सं.१०२१) सालमा चतुर्मासको वेला कान्तिपुरको प्रसिद्ध केलटोलस्थित जनबहाल (सेतो मच्छिन्द्रनाथको मन्दिर ) मा काठमाडौं उपत्यकाको मूल भाषा नेपालभाषामा बुद्धको जीवन चरित्र सम्बन्धी लेखिएको 'ललित विस्तर' र 'भद्रकल्पावदान' को कथा-उपदेश वाचन गर्नुभएको थियो ।

अफशोच ! त्यसैताका भाद्र शुक्ल पञ्चमीका दिन उहाँको धर्मपत्नी रत्नप्रभाको निधन हुन गयो । पछि उहाँले आफ्नो गृहस्थाक्षम सफल पार्न कान्तिपुर क्वा:बहालका पण्डित जोगपाल बज्राचार्यका पुत्रीसित विवाह गर्नु भएको थियो । टोल-टोलमा कथा वाचन गर्न सिपालु भइसकेका पण्डित निष्ठानन्द बज्राचार्य आफ्नो मातृभाषा-नेपालभाषामा मात्र होइन गोरखाली भाषामा पनि दक्ष हुनुभएको कारण उहाँ राइटर पदमा जागिरे भई ३ वर्षको निमित्त नेपालको पश्चिमाञ्चल क्षेत्रस्थित वाजुरामा पुग्नु भएको थियो । उहाँहरु त्यहाँ सपरिवार जानु भएको थियो । बाजुराबाट फर्कनु भए पश्चात उहाँले आफ्नो पुत्र र पुत्रीको विवाह कार्य पनि सम्पन्न गरिदिनु भएको थियो ।

वि.सं. १९६३ (ने.सं.१०२६) सालमा उहाँले आफ्नै टोल नकबहीमा सोही 'ललित विस्तर' को वारेमा कथा वाचन गर्नुभयो । उहाँको कथावाचन बाट श्रोताहरुको मन बुद्धको जीवन चरित्र तर्फ आकर्षित (प्रभावित) हुँदै

गए । अतः उहाँको कथा वाचन वर्षेनि हुँदै गए, जसमा लगंबहाल, जोर गणेश र ज्याठा टोलमा पनि कथावाचन गर्न उहाँलाई निम्त्याए । पहिले-पहिले सिर्फ जातक अवदानको मात्र कथावाचन हुने ठाउँमा हाल उहाँको विशेष प्रयासबाट शाक्यमुनि बुद्ध, यशोधरा देवीको वारेमा अझ मात्राभन्दा बढी चर्चा-परिचर्चा हुँदै गए ।

पण्डित निष्ठानन्द बज्राचार्यले आफूले कथा वाचनले मात्र होइन सो भन्दा बढी प्रभावित(प्रचारप्रसाद) गर्ने हेतु शाक्यमुनि बुद्धको जीवनीलाई संस्कृत ललित विस्तरको अतिरिक्त, भद्रकल्पावदान, स्वयम्भू पुराण, गुणकारण्ड व्यूह, आर्य अष्ट सहस्रिका प्रज्ञापारमिता सुचन्द्र गृहपति, तारा शतनाम आदि अनेकौं बौद्ध धर्मग्रन्थहरुको आधार लिई विस्तृत रुपमा लेखी 'ललित विस्तर' नाम बाटै जनसमक्ष ल्याउने प्रण गरे । उहाँले सोको निमित्त तयार गर्दै रहे ।

तर त्यसवेला नेपालमा कतैपनि प्रेस (छापाखाना) को गतिलो व्यवस्था थिएन ।अतः यस्को निमित्त उहाँ स्वयं कलकत्ता जानुभई प्रेसका सामग्रीहरु किन्नुको साथै कम्पोज गर्ने तरिका पनि सिकि फर्के । उहाँले आफ्नै घरमा प्रेस तयार गर्न लगाए र आफैले कम्पोज गरी प्रुफ हेरी 'ललित विस्तार' विस्तारै छापिंदै ल्याए ।

उहाँले आफ्नो पुत्र मोहनमानन्द (जुजुरत्न) को साथ लिइ 'ललित विस्तर' ग्रन्थ वि.सं १९७१ (ने.सं. १०३४) मा पूर्ण तयार गरी प्रकाशित गरे । यसै अवधिभित्रमा उहाँले ने.सं.१०२९(वि.सं.१९६६) मा 'एक विंशति प्रज्ञापारमिता' नामक ग्रन्थलाई पनि संस्कृत श्लोकका साथ नेपालभाषामा अनुवाद गरी जनसमक्ष ल्याई सक्नुभएको थियो । पण्डित निष्ठानन्द बज्राचार्यको 'ललित विस्तर' ग्रन्थको प्रकाशनबाट नेपालमा दुई किसिमको जागृति देखा परे । एकातिर नामले मात्र बौद्ध जाति कहलिएका जनताहरुले बुद्धको जीवनी एवं उहाँको अनेकौं (शीलाचरण सम्बन्धी) शिक्षा अध्ययन गर्न पाए बाट बुद्ध धर्मप्रति श्रद्धा बृद्धि हुनको साथै अन्य ग्रन्थहरुप्रति पनि आस्था बृद्धि भई धार्मिक गतिविधिमा सरिक हुँदै आए त अन्य जागृति (उपलब्धी)को रुपमा ग्रन्थमा रहेको भाषा एकथरी, आफूले बोल्ने भाषा अर्कै थरी भइरहेकोमा जस्तो बोली, त्यस्तै कृतिको रुपमा रहेको यस कृति अध्ययन गर्न पाउँदा सबैलाई आफ्नो भाषाप्रति मोह वृद्धि हुँदै आए र यस 'ललित विस्तर' ग्रन्थलाई लोकप्रिय गद्यकृतिको रुपमा सबैले स्विकारे । यसैको फलस्वरुप यस कृतिको प्रचारप्रसार काठमाण्डौ उपत्यका बाहिर नेवारहरु बसोबास रहेको तानसेन, भोजपुर, चैनपुर, कालिम्पोङ्ग, ल्हासा, (तिब्वत) आदि ठाउँसम्म पनि प्रचार प्रसार हुँदै गए ।

बौद्ध जगत्मा पनि यस कृतिबाट विभिन्न मोड लिए । यस कृतिलाई आधार बनाई पाटन र भोजपुरमा 'सर्वार्थसिद्ध' नामक नाटक तयार गरी ८९ दिनसम्म लगाई मञ्चन गरि नै रहे । यस कृतिको साथै त्यसवेला काठमाण्डौ उपत्यकामा आइपुग्नु भएका (फागुन, १९८१ वि.सं.मा) तिब्वतको खाम् प्रदेशका कुनसां लोसेल (क्याछ्या लामा) को धर्मोपदेशबाट प्रभावित हुनुभएका विशेषतः प्रेमबहादुर श्रेष्ठ र योगवीर सिंह कंसाकारले नेपालभाषा साहित्य वृद्धि गर्नमा अथक योगदान दिए ।

यहाँहरु द्वयमा प्रेमबहादुर श्रेष्ठले क्याछ्या लामाको उपदेश सुनि गृहत्याग नै गरे त योगवीर सिंह कंसाकारले पनि लामाको उपदेशबाट प्रभावित भई बुद्ध-धर्म सम्बन्धी कयौं कविताहरु रचना गरी छपाई कथावाचन हुने ठाउँ-ठाउँमा वितरण गरे । कविवर योगवीर सिंह कंसाकारको प्रभाव उहाँका शिष्य कविवर चित्तधर 'हृदय'लाई पनि पर्न गएको फलस्वरुप उहाँबाट जेलमै 'सुगत-सौरभ' महाकाव्यको रचना भएको थियो ।

पण्डित निष्ठानन्द बज्राचार्यको 'ललित विस्तर' र क्यान्छ्या लामाको उपदेशबाट प्रभावित भएका प्रेमबहादुर श्रेष्ठले गृहत्याग गर्नु अगाडिनै बुद्ध-धर्म सम्बन्धी 'भजनमाला' पुस्तक तयार गरी सक्नुभएको थियो त पछि महायानी ध्येलुं-पल्धेन श्यख वा महाप्रज्ञा भइसकेपछि - बुद्ध-धर्ममा लागेको भनि आरोप लगाई उहाँको साथै उहाँका अन्य प्रभावित मित्रहरु चार जना र उहाँहरुका गुरु छेरिनोर्बुलाई र तेत श्री ३ चन्द्र शम्शेर राज्यकाल (सन् १९०१-२९) को सरकारले देशबाट निर्वासित गरिएको

थियो ।- यो वि.सं. १९८४ सालको श्रावण महिनाको कुरा हो ।

नेपालबाट निर्वासित भएका महाप्रज्ञाले भारतको यत्र-तत्र स्थानमा रहि पाली बौद्ध साहित्यको पनि अध्ययन गर्ने मौका पाए । वि.सं.१९८५को शुरुको केही महिना ल्हासामा रही भारत फर्केका उहाँ त्यही सालमै कुशीनगरमा पुगी ऊ चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को आचार्यत्वमा स्थविर बादी परम्परानुसार प्रवजित भइ 'श्रामेर महाप्रज्ञा हुनुभएको थियो ।

उहाँले पनि पछि भारतका महापण्डित राहुल साँकृत्यायन (सन् १८९३-१९६३) को बुद्ध-चर्या'ग्रन्थलाई नेपालभाषामा अनुवाद गरि 'ललित विस्तर' नामबाटै बुद्धको विस्तृत जीवनी एवं उपदेश कृति तयार गरी पं. निष्ठानन्द बज्राचार्यले जस्तै आफैले कालिम्पोङ्गमा प्रेस तयार गरी सो ग्रन्थ छापिएको थियो । यो वि.सं. १९९७ (ने.सं.१०६०) सालको कुरा हो । स्मरणीय छ, चित्तधर 'हृदय'ले आफ्नो जेल जीवन (वि.सं. १९९७-२००२)मा लेखिएको कृति 'सुगत-सौरभ' महाकाव्य पं-निष्ठानन्द बज्राचार्यको ललित विस्तर र महापण्डित राहुल सांकृत्यायनको बुद्ध-चर्या ग्रन्थको आधारमा रचना गरिएको हो ।

पण्डित निष्ठानन्द बज्राचार्यले आफ्नो कृति ललित विस्ताको दोस्रो संस्करण पनि तयार गर्न वि.सं. १९७६-७७ सालमा पुन: एकपटक कलकत्ता जानुभएको थियो । उहाँले कलकत्ताका असन घालासिकोका साहू रामसुन्दरका साथ एकदिन 'Asiatic Sociaty of Bengal' को पुस्तकालयमा पनि जानुभएको थियो । संयोगको कुरा त्यसै दिन उक्त पुस्तकालयमा केही स्थानीय विद्वानहरु नेपालकै विभिन्न कृतिहरुको बारेमा छलफल गर्दै थिए, त्यहाँ उहाँले ती विद्वानहरुलाई नेपालको अन्य कयौं ग्रन्थहरुको वारेमा पनि जानकारी दिइ आफ्नो प्रतिभा जाहेर गर्न सफल भएका थिए । यसपटक उहाँ पाँच छ महिनासम्म कलकत्तामा रही 'ललित विस्तर' को दोश्रो संस्करणको निमित्त नयाँ टाइप(अक्षर) हरु किनेर ल्याउनुभएको थियो ।

उहाँले 'ललित विस्तर'को दोश्रो संस्करण छापिदै थिए । त्यसैताका क्यान्छ्या लामाको उपदेश, योगवीर सिंह कंसाकारको गतिविधि, नेवार समुदायबाट प्रवजित भएका महाप्रज्ञा लगायत महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्तिको धार्मिक गतिविधि राणाहरुलाई सह्य भएन - यिनीहरु मध्ये योगवीर सिंह कंसाकारलाई जरिवाना गरि छोडियो त अन्य प्रवजितहरुलाई देशनिकाला नै गरे, यसै बहानाकै क्रममा पण्डित निष्ठानन्द बज्राचार्यलाई घर समेत आई आइन्दा नेपालभाषाको कुनै पनि कृति प्रकाशित गर्न नपाउने , यदि गरेमा जरिवाना तिर्नु पर्ने धम्की दिइ फर्के - थानाका हाकिम नरनारायण शाहले ।

अत: पण्डित निष्ठानन्द बज्राचार्यले आफ्नो 'ललित विस्तर' ग्रन्थको दोश्रो संस्करण छपाई गरिराखेकोलाई चाडै सिध्याइ त्यसमा पहिलो संस्करणकै मिति राखी तयार गरी घरमा एउटा पनि बाँकी नराखी यत्र-तत्र पुऱ्याए । त्यसैताका एक दिन एकजना आठप्रहरिया आई उहाँलाई बोलाउन आए । बोलाहट भएपछि तु. जानैपऱ्यो । घरमा सपरिवार भयभित भए । साँझतिर फर्कनुभएका पण्डित निष्ठानन्द बज्राचार्यले स्पष्ट गरिदिए -

उहाँलाई उक्त आठप्रहरियाले टंगालस्थित कमाण्डर-इन-चीफ भीमशम्शेरको दरवारमा लगेको रहेछ । त्यहाँ चीफ साहेवका साथ कयौं जर्नेलहरु, राजगुरु पं-हेमराज शर्माका साथै अन्य कयौं ब्राम्हण-पण्डितहरु पनि बैठकमा जम्मा भएको रहेछ । तिनीहरुले बुद्ध-धर्मको मूल-दर्शन प्रतीत्य समुत्पाद -द्वादशाङ्ग सम्बन्धी एक-आपसमा बुझ्न-बुझाउन नसकेको कारण यसलाई राम्ररी बुझ्न भीमशम्शेरको सल्लाहनुसार निर्भीक भई बुद्धको हेतुवाद (प्रतीत्य समुत्पाद)को ज्ञानवारे स्पष्ट गरिदिए । उहाँको बोधशैलीबाट प्रभावित भई चीफ साहेवले उहाँलाई रु. ५००।- बक्सिस दिनुभएको थियो । साथै एक जर्नेलले रु. ५०।- बक्सिस दिए । राजगुरु पं. हेमराज शर्माले आफ्नो परिचय दिई उहाँलाई वीर पुस्तकालयमा काम गर्न आए पनि हुन्छ भनी सल्लाह दिए ।

तर उहाँले ६७-६८ वर्षको बृद्धावस्थामा कसैको

पराधिनमा रहि काम गर्न चाहेन । उहाँको आफ्नै व्यक्तित्व वा प्रतिभाबाट जनमानसलाई बोध गर्दै-गराउँदै जाने हेतु कथावाचन कार्यमै लागि रहे । बृद्धावस्था सम्ममा पनि उहाँमा त्यतिनै कार्यकुशलता थियो ।


जीवनको अन्तमा, उहाँ स्वयम्भू महाचैत्यको परिसरमा रहन चाहे । अतः उहाँ स्वयम्भू महाचैत्यको पछाडि महामञ्जुश्रीको सत्तलमा रही योगाभ्यास कार्यमा लाग्दै रहे । त्यही उहाँले ७७वर्षको उमेरमा वि.सं १९९२ साल मंसिर ४ (थिंलाध्व १०५५ ने.सं.) मा आफ्नो जीवन परित्याग गरे ।

-सन्दर्भ-

१) लुमंके बहःपिं -भिक्षु सुदर्शन
च्वसापासा, मासंगल्ली, यें-१०९०
२) भीगु साहित्य -चित्तधर 'हृदय'
नेपालभाषा परिषद, तुंछे, ये-११०२(स्वंगूगु संस्करण)
३) पण्डित निष्ठानन्द बज्राचार्य -रत्नसुन्दर शाक्य
'थौकन्हे' लयपौ दँ-५७, ल्या ८/९(मार्ग-पौष, २०६४)

२५५९ औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।

प्रो. रामेश्वर लाखाजू
**सिद्धि गणेश सिसा फ्रेम पसल**
इनाचो-६, भक्तपुर
मो.नं. ९८४१४३१२३९, ९७४१२०५०६६



हाम्रा सेवाहरु
फ्रेम एवं विभिन्न किसिमका सीसाका लागि तथा फोटोहरु कीरा, घाम र पानीबाट बचाउन फोटो लेमिनेशनको लागि सम्पर्क गर्नुहोला ।



यहाँ विभिन्न डिजाइनका सुनचाँदीका गहना पाइनुका साथै अर्डरबमोजिम पनि तयार गरिन्छ ।

२५५९ औं
**बुद्ध जयन्तीको**
उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. धिरेन्द्रराज शाक्य
९८४१२९९९१४

प्रो. माणिकराज शाक्य
९८४१६९२५१४

**शाक्य सुन चाँदी गहना पसल**
कमलविनायक, भक्तपुर-४, फोन ६६१४२४४(पसल), ६६१३९९० (निवास)

# बौद्ध दर्शन र मार्क्सवादको तुलनात्मक अध्ययन - २

*प्रकाश कुमार श्रेष्ठ, प्राचार्य, स्वप उमावि, देकोचा*

***सामाजिक बन्दोबस्त***

बुद्धकालिन सामाजिक बन्दोबस्त सामन्ती बन्दोबस्त थियो । त्यस कालमा भूदासहरु थिए, भूमि मजदुरहरु थिए, स-साना भूस्वामित्व भएका किसानहरु थिए, ठूल-ठूला सामन्तहरु वा भूमिपतिहरु पनि थिए । सामाजिक बन्दोबस्त नै शोषणयुक्त थियो । जसका कारण गरिबी, भोकमरी, रोग, नैराश्य, दुःख अनि मृत्यु व्याप्त थियो । बुद्धले तत्कालीन समाजमा व्याप्त दुःखलाई कसरी मुक्त गर्न सकिन्छ भन्ने खोज गर्नुभयो । बुद्ध मानव जातीलाई त्यसखाले दुःखबाट मुक्ति दिलाउन चाहनु हुन्थ्यो ।

त्यसै सिलसिलामा बुद्धले समाज गतिशील छ भनी व्याख्या गर्नुभयो । 'अता हि अतनो नाथो, को हि नाथो परो सिया' (व्यक्तिको मालिक स्वयं आफै हो, अरु कोही उसको मालिक हुन सक्दैन) उहाँले रुढिवाद र पुरातन विचारको विरोध गर्नुभयो ।

'न जच्चा वसलो होति न होति ब्राम्हणो
कम्मुना वसलो होति कम्मुना होति ब्राम्हणों'

'अर्थात जन्मको आधारमा कोही नीच र कोही ब्राह्मण हुँदैन । कर्मको आधारमा नीच वा ब्राह्मण हुन्छ ।'

मार्क्सको समयमा सामाजिक बन्दोबस्त पूँजीवादी सामाजिक बन्दोबस्त थियो । औद्योगिक क्रान्तिसँगै मेशिनको युग सुरु भयो । साना घरेलु उत्पादनको ठाउँ ठूल-ठूला मेशिनले लिएपछि बेरोजगारी सिर्जना गऱ्यो । यान्त्रीकीकरणले समाजमा शोषण, पूँजीको प्रतिस्पर्धा, नाफा, व्यक्तिगत स्वार्थको व्याप्ततालाई बढायो । भूमिमा यान्त्रिकीकरण, उत्पादनमा मेशिनका प्रयोगले एक नयाँ वर्ग, सर्वहारा देखापऱ्यो । जोसँग बाच्नको लागि श्रम गर्ने दुई हातमात्र थियो । त्यस स्थिति आउनुमा पूँजीवादी सामाजिक बन्दोबस्तको दोष रहेको मार्क्सले पत्ता लगाउनुभयो र त्यसको समाधान समाजवादी क्रान्तिबाट हुन्छ भन्नुभयो । समाजवादी व्यवस्थामा आर्थिक समानता कायम रहने, धनी र गरिब नहुने, सम्पन्न र विप्पन नहुने मालिक र मजदुर नहुने विचार अगाडि ल्याउनुभयो ।

यसरी सर्सती हेर्दा बुद्धको मूल कार्य समाजलाई शोषणबाट मुक्त गरी दुःखबाट छुटकारा दिनु र मार्क्सको मूल कार्य समाजमा समानता र सम्मुनत बनाउने देखिन्छ ।

त्यसबाहेक बुद्धले सुझाएको बाटो व्यक्तिको निमित्त हो र मार्क्सले सुझाएको बाटो सारा समाजको लागि हो । त्यसकारण पनि मार्क्सको कार्य व्यापकता र सर्वव्यापी रुपमा धरातलीय मानिन्छ । बुद्धले चार आर्य सत्यको घोषणा गर्नुभयो -

१. दुःख छ ।
२. दुःखको कारण छ ।
३. दुःख निवारण गर्न सकिन्छ ।
४. दुःख नहुने स्थिति पनि छ ।

निर्वाण प्राप्तिको लागि अष्टाङ्गिक मार्गको कुरा बुद्धले औंल्याउनुभयो । अष्टाङ्गिक मार्गमा : सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक जीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि पर्दछन् ।

बुद्धले हिंसा नगर्नु, चोरी नगर्नु, यौन दुराचार नगर्नु,

झूठो नबोल्नु र नशालु वस्तु सेवन नगर्नुजस्ता पाँच पञ्चशीलको चर्चा गर्नुभएको छ । बुद्धले व्यक्तिलाई संयमित र नियन्त्रित बनाएर समाजलाई नै संयमित र नियन्त्रित बनाउन खोजेको देखिन्छ । बुद्धले कुनै राजनैतिक व्यवस्थालाई नऔंल्याई व्यक्तिको भूमिकालाई मात्र महत्त्व दिनुभएको छ ।

मार्क्सले समाजलाई बुद्धिजीवीकरण गर्ने र नयाँ सोचको नौलो समाजवादी संस्कारयुक्त नयाँ मान्छे निर्माण गर्ने परिकल्पना गरेको छ । मान्छे सभ्य हुँदै जाने, त्यसको फलस्वरुप लोभ, हत्या, हिंसा, शोषण नहुने यसखाले समाज विकासको अन्तिम चरणमा समाजमा न्यायालय, पुलिस, प्रशासन र राज्य नै लोप हुने कुरा औंल्याउनुभएको छ ।

सुक्ष्मरुपमा हेर्दा मार्क्सवादी समाज बन्दोबस्तभित्र पनि व्यक्तिको विचार, व्यवहारलाई रुपान्तरण गर्ने देखिन्छ, तर शोषणयुक्त समाजलाई समानतायुक्त समाजमा परिवर्तन गरेपछि मात्र त्यो कार्यान्वयन हुने मार्क्सले औंल्याउनुभएको छ । मार्क्सको अनुसार प्रत्यक्षरुपमा राजनैतिक व्यवस्थाको परिवर्तन महत्त्वपूर्ण देखिन्छ ।

### *इश्वरको सम्बन्धमा*

आत्मा छ कि छैन । पृथ्वी, ब्रम्हाण्ड, जीव कसले बनायो । पदार्थ र चेतनामा कुन पहिलोजस्ता प्रश्नहरु दर्शनशास्त्रको बहसमा सदा रहिरहने छ । तर बौद्ध दर्शनले यस्तो बहसमा नै नपरिकनै यससम्बन्धमा स्पष्ट विचार दिएको पाइन्छ । सरसर्ति हेर्दा पदार्थको विषयमा बौद्ध दर्शन मौन छ । दुःख, दुःखको कारण, त्यसको निवारण बौद्ध चिन्तनको हृदय देखिन्छ ।

बुद्धले प्रायः औंल्याउनु हुने एउटा सानो कथा यहाँ प्रासङ्गिक देखिन्छ - एकजना यात्रु जङ्गलको बाटो हिडिंरहेको हुन्छ । निरन्तरको यात्रामा रहेको त्यस यात्रुलाई हिड्दै गर्दा बीच बाटोमा छातीमा वाण लाग्छ । छातीमा वाण लागेर घाइते भई ढलेपछि उनीसँगै हिंडेका केही साथीहरु त्यस वाण निकाल्न तिर लागिपर्छ । तर वाण निकाल्ने विषयमा विवाद उत्पन्न हुन्छ । केही साथीहरु त्यस वाण कसले, किन, के कारणले हानेको, योजनाबद्ध तरिकाले हानेको हो वा आकस्मिक रुपमा अरुलाई प्रहार गरेको बाण लागेको हो । यो पहिले पता लगाउनुपर्ने तर्क अगाडि सार्छन् । केही साथीहरुले छातीमा धसेको वाण निकालेर घाइतेको उपचार पहिले गर्नुपर्ने, कसले किन हान्यो भन्ने कुरा पछि गर्नुपर्ने तर्क अगाडि सार्छन् । घाइतेको प्राण पहिले बचाउनुपर्ने केहीको मत हुन्छ ।

इश्वर छ वा छैन भन्ने बहस त्यही (वाण निकाल्ने वा ननिकाल्ने) बहस जस्तै हो भन्नु हुन्छ बुद्ध । मान्छेको दुःख, दुःखको कारण र निवारण पहिलो उपचार हो, इश्वरको उपस्थिति वा अनुपस्थितिको बहसमा पर्नु व्यर्थ भएको कुरा बुद्ध भन्नुहुन्छ । ईश्वरसम्बन्धी समाजमा धेरै विचारहरु बुद्धले देख्नुभयो । जस्तै : कोही इश्वरलाई एक भन्थे, कोही अनेक भन्थे । कोही इश्वरलाई सगुण भन्थे, कोही निर्गुण भन्थे । कोही निराकार भन्थे, कोही विश्वरुप भन्थे ।

यस्तो तत्वमीमांसिय वाद-विवादले दुःखबाट छुटकारा मिल्दैन । त्यसकारण इश्वर छ कि छैन भन्ने प्रश्न अर्थहीन भएको भन्दै इश्वरलाई अनावश्यक भन्नुभयो । बुद्धले धेरै ठाउँमा सबै कुरा परिर्वतनशील छ भन्नुभएको छ । आत्मा, परमात्मा, इश्वर अपरिवर्तनीय हुन्छ भनी गरिएको व्याख्याले गर्दा नै समाजमा विसङ्गति रहेको ठम्याईमा बुद्ध पुग्नुभयो । सबै कुरा परिवर्तनशील छ भन्नु नै आत्मा, परमात्मा, इश्वरलाई नमान्नु हो ।

हिन्दू धर्मग्रन्थहरु बेद, पुराण, गीता, उपनिषद् (जो त्यसबेला प्रचलनमा व्याप्त थियो) आदि देववाणी भएको र कसैले त्यसलाई मेट्न नसक्नेजस्ता अन्धविश्वासयुक्त तर्कलाई बुद्धले खण्डन गर्दै ती सबै मानवले आफ्नो अनुकूल चलाएको, ती धर्मग्रन्थहरुमा उल्लेखित कुरालाई विभिन्न व्यवहार र तर्कबाट झूटो सावित गर्नुभयो ।


यसरी हेर्दा हामीलाई लाग्दो हो तिनै बुद्धको मूर्ति पुजा किन यति धेरै भइरहेको छ त । निश्चय नै यो काम कट्टरपन्थी धर्मावलम्बीहरुका हुन् । जसले अरु सबै इश्वरलाई जिउँदो बनाउन बुद्धको निधनपछि बुद्धलाई नै नियोजितरुपमा इश्वर बनाइदिए । धर्मको नाममा व्यापार गर्नेहरुले बुद्धको पुजा सुरु गरे । जुन कुरा बौद्ध दर्शनसँग पटक्कै मेल खाँदैन ।

२५५९ औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।

प्रो. सुनिल शाक्य/कुलदीप शाक्य

**एस. के. मेसिनरी**

भक्तपुर नपुखु मिनिबस पार्क-१७
(कृषि विकास बैंकको तल्लो तलामा)
फोन नं. ६६१३७८७, मो.नं. ९८५१००५१३४



मिल सम्बन्धी : ट्याण्ड स, राइस मिल, फर्निचर, वेरिङ्ग, फाईन बेल्ट, पम्प र मोटर HP हरेक सामानहरु यहाँ पाइन्छ ।

२५५९ औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।



प्रो. विरेन्द्रभक्त खर्बुजा

**बाराही लुब्रिकेन्टस्**

दूधपाटी-१७, भक्तपुर
फोन नं.०१६६१३८१६, मो.नं. ९८४१२७१८८७

यहाँ Castrol लुब्रिकेन्टस्का सम्पूर्ण सामानहरु पाइन्छ ।

२५५९ औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।

राळेश खत्री
९८५११०७६२३

दिनेश खत्री
९८५१०७०४७०, ९८४१४०१६८४

**श्री नवदुर्गा टेण्ट हाउस एण्ड क्याटरिङ्ग सर्भिस**

महाकालीस्थान, भक्तपुर, फोन नं. २१३३७७१

शुभ कार्य, समारोहको लागि चाहिने मेच, सामियाना (पाल), सिलिङटेण्ट सायर, स्टेज, स्टल, भि.आई.पि. गेट पौडियम, जेनेरेटर अन्य भाँडाकुडा, कुक, क्याटरिङ्ग भोज गर्ने तथा इलेक्ट्रिसियनको पनि व्यवस्था छ ।

# भिक्षुणी धम्मवतीको 'कर्तव्य' पुस्तकभित्र पस्दा

✍ *विष्णुगोपाल कुसी*

भिक्षुणी धम्मवतीद्वारा नेपालभाषामा प्रकाशित 'कर्तव्य' पुस्तक रामेश्वरी महर्जनले नेपालीमा अनुवाद गरेको पुस्तक हो । किताब छापेर धर्मदान गर्ने इच्छाबमोजिम यो किताब अष्टमाया महर्जनको आर्थिक सहयोगमा प्रकाशित भएको हो । आ-आफ्नो पदीय आचरण र जिम्मेवारी छोडेर कर्तव्यबाट विमुख हुन नहुने शिक्षा दिनु नै पुस्तकको उद्देश्य रहेको छ ।




मानिस कर्तव्यपरायण हुनुपर्छ । कर्तव्यबाट भाग्ने मान्छे सहे हुँदैन । कर्तव्यपालना गर्ने व्यक्ति अरुको नजरमा प्रिय र पूज्य हुन्छ । पूज्य व्यक्तिको गुणगान सर्वत्र हुन्छ । साँढेको सिङजस्तै रुख भएको वनमा रहेका भिक्षु अनुरुद्ध, भिक्षु नन्दिय र भिक्षु किम्बिलहरुको पवित्र मन, स्वच्छ र सही विचार, विचारअनुसारको व्यवहार, सहयोगात्मक भावना अनुकरणीय भएरै समाजका सबै नागरिकलाई कर्तव्यपरायण बनाउन धम्मवतीले चूल गोसिङ्ग सूत्रको अनुवाद गरिएको हो ।

मानिसको कर्तव्यलाई पैसासँग तुलना गर्न मिल्दैन, पैसामा बिकेर कर्तव्य भुल्ने होइन । व्यक्तिगत र दलगत स्वार्थमा भुलेर आफ्नो पदीय दायित्वको ख्याल नगर्ने प्रवृत्तिका व्यक्तिले समाजमा सत्मार्ग देखाउँदैनन् । जनताको सेवा गर्न राजनीति गरेका कति नेताहरु सत्तामा भुलेका छन्, प्रधानमन्त्री, मन्त्री र सांसद हुनमै तँछाडमछाड गरी डुबेका छन् । कर्तव्यपालना नभएरै मन्त्री, सांसद र उच्च पदाधिकारीहरु व्यक्तिगत भुँडी भर्न लालायित हुन्छन् । अत: नेता, मन्त्री, सांसद, उच्चपदस्थ व्यक्ति, शिक्षक, कर्मचारी, सेना, प्रहरी र मजदुर हरेकले आ-आफ्नो स्थानबाट कर्तव्यपालना गर्नुपर्छ ।

बालबालिकाहरु ठीक बेठीक, सही गलत भन्दैनन्, हेर्दैनन् र अन्धानुकरण गर्छन् । कति बालकहरु गलत व्यक्तिको सङ्गत या सम्पर्कमा पर्छन्, फस्छन् र बिग्रिन्छन् । समाजका प्रबुद्ध वर्ग, समाजसेवी र अभिभावकको बेलैमा ध्यान पुगेन भने बालकहरु कुलतमा फसिसकेका हुन्छन् । त्यसबेला मार्ग निर्देशको ठूलो महत्त्व हुन्छ । मार्गनिर्देशले गलत बाटोमा लागेका, फसेका र फस्न लागेका व्यक्तिहरुलाई सपारेको हुन्छ । बुद्धका पुत्र राहुल सात वर्ष छँदा दिइएको त्यस्तै उपदेशको सार हो- अम्बलट्ठिका राहुलोवाद सूत्र ।

ख्याल ख्यालमा झूटो कुरो बोल्नु हुन्न । कुनै काम गर्दा होस पुऱ्याएर गर्नुपर्छ । आफूले गरेको कामबाट अरुको अहित हुन्छ, चित्त दुख्छ भने त्यसबारे सोच्नुपर्छ । आफ्नो कामबाट अरुलाई पर्ने चोट, नोक्सान र पीडाबारे याद गर्नुपर्छ । काम गर्दा गल्ती हुनसक्छ, गल्ती भयो भने सच्याइनुपर्छ या त्यो गल्ती फेरि दोहोऱ्याउनु हुँदैन ।

गल्ती लुकाएर अर्को अपराध गर्ने होइन । यसरी मनलाई पवित्र पारेर, राम्रोसँग विचार पुऱ्याएर काम गर्नुपर्छ भन्ने उपदेश 'अम्बलट्ठिक राहुलोवाद' सूत्रमा उल्लेख छ ।

एक समय बुद्ध वेनुवनस्थित कलन्दक निवासमा बस्दा पुत्र राहुल अम्बलट्ठिक वनमा थिए । बुद्ध आफूकहाँ आएपछि राहुलले विछ्याइराखेको आसनमा बसेर पाउ धुने काम गरेर बाँकी भएको पानी एक ठाउँमा राखे । त्यो देखेर बुद्धले राहुललाई थाहा हुँदा हुँदै बुझ पचाएर झूटो कुरा गर्ने श्रमणहरुको मूल्य अलिकति पानी भएको भाँडोसरह हुने, फ्याँकेको पानीजस्तै मूल्यहीन हुने, घोप्ट्याएर राखेको लोटा र रित्तो भाँडो समान हुने अर्ती सुनाए ।

'महाराहुलोवाद' सूत्रमा बुद्धले राहुललाई सङ्कुचित विचार नराख्न, विचार फराकिलो र फरासिलो पार्न उपदेश दिएको प्रसङ्ग छ । बुद्धले राहुललाई पृथ्वी समान, जल (आपो) समान, तेज (अग्नि) समान, वायु समान र आकास समान भई सिक्न र अभ्यास गर्न सुझाए ।

आकास कसैको वशमा छैन या भरमा छैन । आकासको लागि सन्तोष, असन्तोष, प्रसन्न र अप्रसन्न भन्ने हुँदैन । हावाले राम्रो र नराम्रो दुवै वस्तुलाई स्पर्श गर्छ । आगोले राम्रो नराम्रो भन्दैन, सबै जलाउँछ । पानीले फोहर, सफा, शुद्ध, अशुद्ध सबै बगाउँछ । पृथ्वीमा पवित्र अपवित्र सबै वस्तु फाल्छ । भूमिमा दिसा पिसाब गरे पनि पृथ्वी न खुसी हुन्छ न दुःखी हुन्छ ।

नराम्रो कल्पना हटाएर भिक्षुहरुको चित्त शुद्ध गर्नु नै 'वितक्क सण्ठान' सूत्रको सार हो । अकुशल चेतनालाई कुशलमा बदल्ने, मनमा उत्पन्न नराम्रो कुरा धारण नगर्ने, अकुशल विचार बिर्सने, अकुशलबाट हुने दुष्परिणामको विचारलाई परिवर्तन गर्ने र पाप चेतनालाई स्थान नदिने आदि चित्त शुद्ध गर्ने आधारको वर्णन छ ।

'कर्तव्य' पुस्तकको पाँचौं र अन्तिम सूत्र 'द्वेधा वितक्क' सूत्र हो । पाप वितर्क हटाउने यो सूत्र पनि भिक्षुहरुलाई दिइएको अर्ती हो ।

बोधिज्ञान प्राप्त गर्नुभन्दा पहिले बोधिसत्व भइरहेको बेला उत्पन्न राम्रा र नराम्रा कल्पनालाई केलाएर राम्रोको अनुकरण गरेर नराम्रो त्याग्ने विचारको यस सूत्रमा विश्लेषण गरिएको छ । सूत्रमा उल्लेख भएअनुसार काम वितर्क (भोग विलासको इच्छा), व्यापाद वितर्क ( क्रोधका बारेमा कल्पना), विहिंसा वितर्क (हिंसा गर्ने कल्पना) अकुशल कल्पना हुन् भने बेक्खम वितर्क (फलको आशा नगरी गरिने कार्य), अव्यापाद वितर्क (मैत्रीपूर्ण इच्छा), अहिंसा वितर्क (अरुलाई हानी नोक्सानी नगर्ने इच्छा) कुशल कल्पना हुन् ।

सचेत र होस पुऱ्याएर काम गर्दा आफ्नो र अरु दुवैको भलो हुन्छ । तर कुशल कल्पनामै रात दिन डुब्यो भने शरीर दुर्वल हुन्छ, अन्ततः त्यसले नोक्सान गर्छ । त्यसकारण चित्तलाई वशमा राख्नुपर्छ । अकुशल कर्मबाट मन टाढिएर कुशल बाटोमा लाग्दा मन दरिलो हुन्छ, जोश जाँगर बढ्छ, काम गर्ने उत्साह बढ्छ । अनि नराम्रो काम गर्नुपर्ने सोच आउनेछैन ।

मिथ्या दृष्टि (अन्धविश्वास), मिथ्या सङ्कल्प ( नराम्रो विचार), मिथ्या वचन (असत्य कुरा), मिथ्या व्यायाम (अरुलाई बिगार्ने प्रयत्न), मिथ्या स्मृति (अनावश्यक कुरा) र मिथ्या समाधि (नराम्रो काममा चित्त राख्ने) गलत मार्ग हुन् । सत्मार्ग भनेको सम्यक दृष्टि (सही विचार), सम्यक सङ्कल्प (सही उद्देश्य), सम्यक वचन (सही वचन) सम्यक कर्मान्त (सही काम), सम्यक आजीव (सही जीवन), सम्यक व्यायाम (सही अभ्यास) सम्यक स्मृति (सही होश) र सम्यक समाधि (सही चित्त) आदि हो ।

सत्बुद्धि र सत्मार्ग कुनै बालक र भिक्षुको लागि मात्र होइन, सबैको लागि जरुरी हुन्छ । अझ देशको जिम्मेवारी बोक्ने दलका नेताहरुमा आवश्यक हुन्छ । नेताहरुको बुद्धिमा खिया लाग्यो भने देशमै खिया लाग्छ र देश बर्बादीको खाडलमा पर्छ । सदाचार, सद्व्यवहार नहुँदा असन्तोष बढ्छ र विकृति फैलिन्छ । वास्तवमै कर्तव्यपालना नगर्दा, नीति नियममा नबस्दा देशमा घूस, भ्रष्टाचार बढेको हो, आर्थिक अनियमितता बढेको हो । देशका जिम्मेवार सबै नागरिकहरुले इमानदारीपूर्वक कर्तव्यपालना गरेका भए देशको काँचुली फेर्नेमा शङ्का छैन ।

# अखण्डशील महाविहार परिचय

अखण्डशील विहार ख्वपया छगू पुलांगु विहार खः । थुगु विहार ख्वप नगरया बोलाछें, त्वाः या वुलुचा हितिया लिक्क अवस्थित दु । थुगु विहार पूर्वपाखे वनधाःसा न्यातपौ देगः व सूर्य विनायकया लँपू ध्वदुइ । अथेहे उत्तरपाखे स्वयाःवनेबलय् भार्वाचो व टौमढी वनेगु मू लँपुइ थ्यनी । पश्चिम व दक्षिणपाखे कुम्हा तयगु लागाय् लानाच्वंगु थुगु विहारयात स्थानीय जनसमुदायतय् बीचय् अखः बाहाः धकाः प्रसिद्ध जुयाच्वंगु दु । थुगु विहारयात आदिबाहाः कथं नं म्हसिया च्वंगु दु । थुगु विहारनं मुकं बज्राचार्यपिनिगु खः ।

### *ऐतिहासिक पृष्ठभूमि*

थुगु अखण्डशील विहार लिच्छवि जुजु नरेन्द्रदेवयाः पालय् स्थापना जूगु खँ वंशावलीइ उल्लेख यानातःगु दुं । उल्लेख जुयाच्वंगुकथं लिच्छवि कालय् गोरखनाथया कारण थुगु स्वनिगःलय १२ दँ तक वा मवयाः हाहाकार जुयाच्वंःगु इलय् जलवृष्टिया लागि श्री लोकनाथ विज्याकेत ख्वपया जुजु नरेन्द्रदेवं यैंया बज्राचार्य बन्धुदत्त व यलया ललितनांम्ह किसान ब्वनाः कामरुकामाक्ष पाखे विज्यागु जुल । वसपोलपिंस लोकनाथयात विज्याकेत थुगु अखण्डशील विहार निर्माण याःगु खः धैगु जनविश्वास दु । थुगु खँ पुष्टि जुइगु छुं नं पुलांगु अभिलेख लुया वःगु मदुनि । तर यलया करुणामययात रथय् विज्याके न्ह्यो यलं थुगु विहारया क्वचपालयाथाय् पुजा छोयाहय्गु चलन दगुलिं अखण्डशील विहार करुणामय विज्याकेत निर्माण जूगु खयेफु धैगु जनधारणा ल्यनाच्वंगु खः । अथेहे यलय् करुणामयया रथ सालाये न्ह्यो अखबाहाः धकाः छक धायमाःगु चलत दु धकाः थनया संघपिसं कनेगु याः । कथंकदाचित अष्टमि तकयादुने बुँगय थ्यंकेमफगु अवस्था वइबलय् बुंगद्यो थुगु अखण्डशील विहारय हइ धैगु जनविश्वासनं उलिहे प्रबल जू । सच्छि दँ न्ह्यो छक थुकीया निम्ति कुत नं जुइधुंगु खः धैगु धाःपु दु । थुजागु वर्णन दयाच्वंगुलियानाः थुगु विहारया यल करुणामय नापं स्वापु दुगु खने दया च्वंगु खः । अखण्डशील विहारसम्बन्धी दकसिबय् पुलांगु अभिलेख ने.सं. ७७७ यागु खः । विहारया गर्भगृहलय् च्वंगु थुगु ल्वहँपालय् बज्राचार्य देवजोति थुगु विहारया ने.सं. ७७५ स् जिर्णोद्धार यायेगु ज्या शुरुयानाः ने.सं. ७७७ स क्वचायका धकाः च्वयाः तःगु जुल । थनया सङ्घ दुजः पिंसं मंगलाछें त्वालय् छगू चुकया दुने छगः चैत्य ने.सं. ८३० पाखे स्थापना यागु खनेदु ।

### *विहारया स्वरुप*

अखण्डशील विहारमा प्राचिन स्वरुप न्हिथं तनावनाः च्वंगु खँ च्वय् उल्लेख जुइधुंकगु दु । थौंकन्हे विहार दुहाँ वनेगु मू लुखा हे मदुगु जुल । अथेनं विहारय् दुहाँवयेगु उत्तर व पश्चियमय् यानाः निपु लँपु दु । विहार प्राङ्गण चाकछिं फः थकयातःगु दु । उत्तराभिमुखगु थुगु विहारया प्राङ्गणया थासंथाय लोंहत नं सियातःगु दु । विहारया दथुइ तग्वःगु तेराकोटाया बज्रधातु चैत्य स्थापना यानातःगु दु । लिक्क छगः मेगु चिग्वःगु धर्मधातु चैत्यनं दु । थुगु विहारया क्वाःपाःछें वाहेक मेगु फुकं निजी छेंय् परिणत जुइधुंकल ।

विहारया क्वा:पा:छेँ छ्या व स्वतँज्ञा जू । क्वा:पा: छेँ जस्ता पौ तयात:गु दु । थुगु मूलुखा जवंखवं प्यम्ह ल्वहँया सिंह तयात:गु दु । क्वापाछेँया पश्चिमय् तले वनेगु स्वाहन दुगु जुल । थुगु मातं तल्लाय् आगं क्वथा: दु । थुगु तल्लाय स्वपा: साधारण तिकिभ्या: दु । थन च्वयेया तल्ला खुल्लागु जुल । थुगु सङ्घया अपोधैथे ज्याभ्व: थुगु तल्लाय् न्यायेका वयाच्वंगु दु ।

थुगु विहारं पूर्वपाखे लिच्छवी चैत्य दुगु ननी दु । थुगु ननीयात बुद्धननि धाई । उकिया पश्चिम पाखे छग: दों दु । स्वयबले थुगु द्वं यलया अशोक चैत्यथें च्वं ।

***विहारया संघ व ज्याभ्व:***

थुगु विहारया संघपिं मुकं बज्राचार्य ख: । अखण्डशील विहारया संघ परिवारपिं सक्वया: सुरक्षित विहारं वपिं धाइ । इमि म्ह द्यो बज्रयोगिनी ख: । बज्रयोगीनी थ्यंक वनेगु थाकुया वंगुलिं इमिसं थपिनि द्यगुचो हे भु तिपाखाय् साला ह: गु जुल । थुगु विहारया संघपिं पोखरा, पाल्पाय् स्थायी बसोबास याये धुंकुगुलिं थन इमिगु संघ संख्या थौंकन्हे ६० म्ह ७० म्ह जक जुई धुंकुगु दु ।

थुगु विहारया आयस्रोत छुं मदु । खतु न्हापा थुगु विहारया १२५ रोपनी मयाक बुँ दुगु धाइ । तर प्रमाण आदि छुं मदुगुलिं वाली इत्यादी पुले मह:गु धयागु थनया संघपिनि धा:पु दु । थुगु विहारय् संघपिनि प्रमुख ज्याभ्व: धयागु हे काय् मस्तयत समयअनुसारं चूडाकर्म व आचार्यभिषेक लुइगु जुयाच्वंगु जुल । विहारया आयस्रोत छुं मदुसां थनया संघपिसं दच्छिया छक छेखापतिं पालंपा: याना: नित्यपुजा याना: वयाच्वंगु दु ।

थुगु विहारय् न्हियान्हिथं सुथय बहनि थनया संघया दुजपिसं पालंपा नित्यपुजा याना: वयाच्वंगु दु: । अथेहे विहारया मूल चैत्य कथं प्रत्येक वर्षय् चैत पूर्णिमा कुन्हु योमरी छाया दथुइ च्वंगु चैत्ययात पुजायाना: वयाच्वंगु दु । थुगु पूजायायेत गोलमधित्वा:या रंजितकार खल:पिंसं गुथि तयात:गु दु । थुगु पूजा जुजु नरेन्द्र देवया: पालंनिसें शुरु जुगु ख: धैंगु संघ दुज:पिनिगु विश्वास दु । गुलाँ कुन्हु थन न्या:म्ह दीपंकरयात पूजा याना: पञ्चदान विया: व:या च्वंगु जुल ।


हार्दिक शुभकामना

२५५९ औं

बुद्ध जयन्तीको उपलक्ष्यमा

सम्पूर्ण ग्राहक महानुभावहरूमा

हार्दिक मंगलमय शुभकामना !

धर्मराज एण्ड सन्स्

अर्नामेन्टस्


इनाचो-६, भक्तपुर, फोन ६६१७३३०

यहाँ तयारी तथा अर्डरबमोजिम सुन तथा चाँदीका सामानहरू बनाइन्छ ।

२५५९ औं बुद्ध जयन्तीया लसताय् सकल मानव पिनिगु भिंगु चेतना जागृत जुइमा धका भिन्तुना देछाय् च्वना ।

देव रत्न एण्ड सन्स् ज्यासल

इताछेँ-१७, भक्तपुर



# बुद्ध काल

## सिद्धार्थ जीवनी

१) महामानव बुद्धको जन्म ई. पू. ५६३ मा भएको थियो । बैशाख पूर्णिमाको दिन लुम्बिनी वनमा एउटा शालबृक्षको मुनि उहाँ जन्मनु भएका थिए ।

२) सिद्धार्थको जन्मसँगै तलका ७ व्यक्ति/वस्तुहरु पनि जन्म/उत्पन्न भएका थिए -

१)मंगल हात्ती २) एशोधरा ३) कालुदायी मन्त्री ४) छन्दक सारथी ५) कन्थक घोडा ६) बोधिवृक्ष ७) सुनका ४ घडाहरु

३) सिद्धार्थ कुमार (.सर्वार्थसिद्ध)-पिता: शुद्धोदन महाराज । आमा: महामयादेवी । कान्छी आमा:प्रजापति गौतमी । बाज्ये: सिंह हनु । बज्यै: कञ्चना । बराजु : जयसेन (.हस्तिशिर्ष) । साखे दाजुभाइ: कोही छैन । पत्नी: यशोधरा । छोरा: राहुल कुमार । गोत्र : गौतम । कुल:शाक्य (.क्षेत्री) । वंश : सूर्यवंशी ।

४) सिद्धार्थको घर : कपिलवस्तु, कोशल राज्य । मामा घर : देवदह । ससुराल:देवदह ।

५) सिद्धार्थको जन्म हुँदा राजा शुद्धोदन ५७ वर्षको हुनुहुन्थ्यो । विवाह गरेर २० वर्षपछि शुद्धोदनले छोरो पाएका थिए ।

६) जन्मेको पाँचौं दिनमा नामाकरण गरियो । सर्व अर्थ सिद्ध गर्ने हुनाले उहाँलाई सर्वार्थसिद्ध वा सिद्धार्थ भनियो ।

७) सिद्धार्थ जन्मेको सातौं दिनमा उहाँकी आमा महामायादेवी परलोक भइन् । त्यसपछि सिद्धार्थलाई उहाँकी कान्छीआमा प्रजापति गौतमीले हुर्काइन् ।

८) बोधिसत्व सिद्धार्थको नाउँमा सर्वप्रथम गृहत्याग गरी तपश्वी हुने व्यक्ति थिए काल देवल ऋषीको भाञ्जा नालक ।

९) सिद्धार्थ कुमारको विवाह १६ वर्षको उमेरमा यशोधरासँग भएको थियो । त्यतिवेला यशोधरा पनि १६ वर्षकै थिए ।

१०) राजा शुद्धोदनले सिद्धार्थ कुमारलाई गृहस्थी जीवनमा भुलाई राख्न तीन विलासी भवनहरु बनाइदिएका थिए । ती थिए - रम्य(९ तल्ले), सुरम्य(७ तल्ले) र शुभ(५ तल्ले) ।

११) उनन्तीस वर्षको उमेरमा सिद्धार्थको छोरा राहुलको जन्म भएको थियो ।

१२) सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा बहुजन हितको लागि महाभिनिष्क्रमण (गृहत्याग) गर्नुभएको थियो ।

१३) गृहत्यागको बेला सिद्धार्थ कुमारले चढेर गएको घोडाको नाम थियो कन्थक र उहाँसँगै जाने सारथीको नाउँ थियो छन्न = छन्दक । त्यतिबेला सबैको उमेर २९ वर्षको थियो ।

१४) गृहत्याग गरेर आउने सिद्धार्थले अनोमा नदीको किनारमा आफ्नो केश आफैले काटी प्रव्रजित हुनु भएको थियो ।

१५) त्यसपछि सिद्धार्थ राजगृह जानुभयो । राजगृहको पाण्डव पर्वतमा उहाँले राजा बिम्बिसार भेटेका थिए ।

१६) सिद्धार्थ र बिम्बिसार बालक कालका साथी थिए । सिद्धार्थ बिम्बिसारभन्दा ५ वर्ष जेठो थियो । उहाँका बुबाहरु- शुद्धोदन र भाति-पनि साथी थिए ।

१७) राजगृहबाट निस्की सिद्धार्थ कुमार आलारकालाम र उद्दकरामपुत्र नामक ऋषिहरुकहाँ जानुभयो र योग विद्यामा निपुण हुनुभयो । ती ठाउँहरुमा उहाँले क्रमश: आर्किंचन्यायतन र नैवसंज्ञायतन भन्ने ध्यानहरु प्राप्त गरेका थिए ।

१८) **आलारकालाम** साख्य दर्शनका पण्डित थिए र उनका ३०० शिष्यहरु थिए ।

१९) उद्दकरामपुत्र वैशेषिक दर्शनका पण्डित थिए र उनका ७०० शिष्यहरु थिए ।

२०) **आलारकालाम र उद्दकरामपुत्रबाट** प्राप्त ज्ञानलाई अपूर्ण ठानी सिद्धार्थ स्वयम् आफैले ज्ञान प्राप्त गर्न अरुबेला बनतिर प्रस्थान गरे । त्यस बनमा उहाँले ६ वर्षसम्म विभिन्न किसिमका कठोर तपस्या गरेका थिए ।

२१) ६ वर्षको तपस्यालाई पनि व्यर्थ ठानी सिद्धार्थले तपस्यालाई त्याग गरिदिए । अनि बैशाख पूर्णिमाको दिन उरुबेला गाँउकी सुजाता नामक आईमाईले सिद्धार्थलाई वृक्ष देउता भन्ठानी क्षीर पात्र दान दिइन् । त्यही सिद्धार्थ कुमारको अन्तिम भोजन थियो र त्यही भोजन गरी उहाँले बोधिज्ञान प्राप्त गरेका थिए ।

२२) सुजाताले दिएको क्षीर भोजन गरिसकेपछि सिद्धार्थको भोजन पात्र नैरंजना नदीमा खसालेका थिए

२३) सोही वैशाख पूर्णिमाको दिन सोत्थिय (= श्रोत्रिय) नामक ब्राम्हणले सिद्धार्थलाई आठ मुट्ठी तृण (= कुश घाँस) दान दिएका थिए । त्यही तृणको आशनमा बसी उहाँले बोधिज्ञान लाभ गर्नुभयो ।

२४) वैशाख पूर्णिमाको रात्रीका विभिन्न याम (= ४ घण्टा)मा सिद्धार्थले तलका ज्ञानहरु हासिल गरी बुद्ध हुनुभएको थियो-

प्रथम याममा पूर्वानुस्मृति ज्ञान (= पूर्वजन्मको ज्ञान)

दोस्रो याममा च्युत्योत्पनि ज्ञान (= उतपत्ति विनाश ज्ञान)

तेस्रो याममा आश्रवक्षय ज्ञान (= प्रतीत्य समुत्पाद)

२५) यसरी सिद्धार्थ कुमारले अरुबेला (= बुद्धगया) मा वैशाख पूर्णिमाको राती तेस्रो पहरमा बोधिज्ञान प्राप्त गर्नुभएको थियो । त्यसबेला उहाँ ३५ वर्षको हुनुहुन्थ्यो ।

२६) सिद्धार्थले जुन पिपलको रुखमुनि बोधिज्ञान लाभ गर्नु भएको थियो त्यसलाई बोधिबृक्ष भनिन्छ ।

***सभार-प्रकाश बज्राचार्यको बौद्ध दर्पणबाट***






विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा **'स्वाँया पुन्ही'** को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्री महामञ्जुश्री गुरु गुठी संस्था**
महामञ्जुश्री नगरकोट नपा-७, भक्तपुर

**श्री महामञ्जुश्री ज्यास: पस:**
इनाचो, भक्तपुर नपा-६
Email: pdmsudrsky@hotmail.com

**भक्तपुर सुनचाँदी व्यवसायी संघ**
इनाचो, भक्तपुर नपा-६, फोन नं. ०१६६१७७३७
Email: sunchadi association@gmail.com

**मुनि विहार**
इनाचो, भक्तपुर नपा -६, फोन नं. ०१६६१६४६४
Email: munivihar@hotmail.com
wipassi@gmail.com

जातक कथा - १

# अपण्णक जातक



प्रकाश बज्राचार्य

त्यस व्यापारीको मन अति चंचल थिए । औधि खुशी थिए उ । आफ्नो पछि पछि पाँच शय गाडाहरु सहित आइरहेका व्यापारीहरु हेरी एकचोटि फिसिक्क हाँसे उ ।

उसले टाउकोमाथिको आकाश एकचोटि हेरे । आकाश सफा थियो । पानी पर्ने छाँट अलिकति पनि थिएन । शीतल हावा सिरिसिरि बहिरहेकोले उनीहरुलाई गर्मी पटक्कै भएको थिएन । त्यो बाटो उनीहरुको लागि नयाँ नै थियो । टाउको घुमाई दायाँबायाँतिर हेरे । कोही पनि देखिँदैनथ्यो । पछाडि हेरे- आफ्नै पाँच सय व्यापारी साथीहरु मात्र । त्यो भन्दा पनि पछाडि उनीहरुले भर्खरै पार गरेर आएको सुनसान हरियो जंगल थियो । उसले सम्झन थाल्यो - त्यस जंगलमा हरिया घाँस किसिम किसिमका फलफुलहरु राम्रा राम्रा सुगन्धित फूलहरु अहिले उनीहरुका अगाडि साना-साना झारहरु, कन्दमूलहरु छन् । कन्दमूलहरु प्रशस्ट हुनाले खानाको धन्दा उनीहरुलाई थिएन ; पानी खान नपाइएला भन्ने पीर पनि उनीहरुलाई थिएन । चाहिने जति पानी गाडामा राखेर ल्याएका थिए ।

' म नै यस बाटोबाट पहिला आएको असल भयो ।' त्यत्रो लामो सुनसान बाटोबाट आइराख्ने पाँच शय व्यापारीहरुको नाइकेले विचार गऱ्यो - 'नभए हाम्रै नगरको अर्को व्यापारी यही बाटो गरी आउन लागेको त हो नि । उनको समूह पहिला आएको भए यो बाटो बिगारी सक्थ्यो होला, वा गोरुहरुलाई घाँस खान पुग्दैनथ्यो होला त्यसो पनि नभए फलफूलहरु सबै खाइसक्यो होला ... जे भएता पनि एउटा न एउटा त सिध्याइसकथ्यो होला तिनीहरुले । उनीहरुभन्दा अगाडि हामीहरु चाँडै अपरान्त देश (वर्तमान दक्षिण-पश्चिमी भारत) पुग्ने भइहाल्यो क्या रे । त्यहाँ गएर आफूले एक्लौटी गरेर भाँडाकुँडा बेचेर सक्ने जति धन कमाएर ल्याउँछु म । उनीहरुभन्दा पछाडि आएको भए यसो गर्न पाइन्दैनथ्यो । साँच्चै म त बुद्धिमान हुँ ; नत्रभने उनीहरुलाई 'तिमीहरु पछि आऊ, हामीहरु अगाडि जान्छौं' भन्ने बुद्धि आउँथ्यो मलाई ? श्याबास .......'

'कहाँ जान लागेको दाजु ? कोही एकजनाले सोधेको स्वरले आफ्नो विचारमा पौडी खेल्दै आइरहेको व्यापारीहरुको नाइके तर्सियो । उनले देखे-उनीहरुको अगाडिबाट आइरहेका दश जना जति मान्छेहरु । उनीहरुको शरीर पनि भिजेको थियो ; लुगा पनि भिजेको थियो । कमलको फूलका मुठ्ठाहरु हातमा लिइराखेका थिए । ठाउँ-ठाउँमा हिलो भएको रथ-माथि बसेको थियो ।

व्यापारीहरुको नाइकेले उत्तर दियो-'हामीहरु बनारसबाट आएका हौं; अपरान्त देशमा व्यापार गर्न जान लागिरहेका छौं । तर दाजु, तपाईहरुको शरीर कसरी भिजेको ? '

साथी ! हामीहरु जुन बाटोबाट आयौं त्यहाँ धेरै पानी परिरहेको छ । ठाउँ-ठाउँमा पोखरीहरु छन् । तपाई देख्नु हुन्न कमलका फूलहरु टिपी ल्याएकाछौं हामीहरुले । अरे, कसो तपाईले त गाडाका गाडा पानी ल्याउनु भएको

रहेछ । किन गह्रौ हुने गरी पानी लग्नु परेको ? तपाई जान लाग्नु भएको बाटोमा, मैले भनिनै सकें, बेस्सरी पानी परिराखेको छ, पानीको दुःख छैन । मेरो कुरा मान्नु हुन्छ भने फुटालि दिनुस पानीका गाग्रीहरु । बेकारमा झंझट हुने गरी पानी किन लाने ? छिटो पनि पुगिन्छ । ' बटुवाले कुरा सम्झाइदियो । अनि आफ्नो बाटो लागे ।

डेढ महिनाजति पछि । पाँच सय ब्यापारीहरुको समूह त्यही बाटो आए । आश्चर्यको कुरा, उनीहरुले पनि ती नै दश जनाजति शरीर रुझेका मान्छेहरु भेटे । उनीहरुले ब्यापारीहरुको नाइकेलाई सुनाए, 'हामीहरुको कुरा सुन्छौ भने ब्यापारी दाजु, सबै पानी यहि नै फ्याँकिदेऊ, अगाडि चाहिनेजति पानी छ, धेरै पानी परिरहेको छ ।'

'धन्यवाद साथीहरु ! तर अर्को पानी नदेखुन्जेल हामीहरुले ल्याएका गाग्रीहरु फाल्ने छैनौं हामी ।'- ब्यापारीहरुको नाइकेले जवाफ दियो । जति भन्दापनि नमानेकोले ती लुगा भिजेका मान्छेहरु खुरुखुरु आफ्नो बाटो लागे । तिनीहरु गइसकेपछि एउटा ब्यापारीले नाइकेसँग सोधे -'उनीहरुले भनेको ठिक छ नि । किन गह्रौं हुने गरी पानी लगिराख्ने ?'

नाइकेले सोध्यो -'साथीहरु, आकाशमा कतै पनि बादल छैन । न कतै मेघ गर्जेको सुनिन्छ न बिजुली चम्केको देखिन्छ । न त हावानै चिसो छ । के साथीहरुले हेर्दा अगाडि पानी परिरहेको छ भने यस्तो होला ? त्यसैले उनीहरुले भनेको मलाई पत्यार लाग्दैन ।'

ब्यापारीहरु सबैले 'हो' भने जस्तै टाउको हल्लाए । चार-पाँच घण्टा पछि एक ठाउँमा उनीहरुले पाँच सय मान्छेहरुको कंकाल यताउता परिराखेको देखे । जता हेरे पनि कंकालै कंकाल मात्र । ब्यापारीहरुको नाइकेले साथीहरुलाई भने -'हेर साथीहरु, यहाँ त्यसै परिराखेका रथहरु हेर्दा यी मर्नेहरु सबै हामीहरु भन्दा अगाडि आएका ब्यापारीहरु हुनु पर्दछ । बनारसमै हामीहरुलाई 'तिमीहरु पछि आऊ, हामीहरु अगाडि जान्छौं' भनेर डेढ महिनाजति पहिले आउने ब्यापारीहरु हुन् यिनीहरु । हामीहरु दुइटै समूहसंगै आयौं भने खाना र पानीको समस्या होला भनेर यिनीहरुलाई पहिले पठाइदिएका थियौं । पक्कै पनि अघिका लुगा भिजेका राक्षसहरु हुनु पर्दछ । ती राक्षसहरुकै कुरा सुनेर यी मूर्खहरुले सबै पानी बाटोमै फालेर आए होलान् । अनि यहाँ पुगेपछि पानी खान नपाएर कमजोर भएकाहरुलाई ती नै राक्षेसहरु आएर खाइदिए होलान् । त्यसैले साथीहरु अरुहरुले भन्ने बित्तिकै आँखा चिम्लेर पत्यार गर्नु राम्रो कुरा होइन ।'

त्यो ब्यापारीहरु पालैपालो गरी सुतेर त्यहि रात बिताए । भोलिपल्ट अपरान्त देशमा गएर चाहिनेजति दाम लिएर भाँडाकुँडाहरु बेच्न पाइने भइहाले तिनीहरुले ।


२५५५ औं बुद्ध जयन्तीया लसताय् सकल मानव पिनिगु भिंगु चेतना जागृत जुइमा धका भिन्तुना देछाय च्वना ।

**मैत्रेय युवा संघ**

थथुबही, ख्वप

२५५५ औं बुद्ध जयन्तीया लसताय् सकल मानव पिनिगु भिंगु चेतना जागृत जुइमा धका भिन्तुना देछाय च्वना ।

**प्रो. दिपानन्द बज्राचार्य**

**डि. एन टेलर्स**

ईताछें, मिनिबस पार्क-१७, भक्तपुर

फोन नं. ६६१३१६५ (पसल) ६६११८२२ (घर)

मो.नं. ९८५१०९७९३५

मौसम अनुसारको नयाँ आकर्षक डिजाईनका उच्चस्तरीय सर्टिङ्ग सुटिङ्ग टेलरिङ्गको साथै सम्पूर्ण स्कूल तथा कलेजका ड्रेस कपडाहरु तथा तयारी शुटहरु उपलब्ध छ ।

# स्वांया-पुन्ही

❖ पद्मरत्न तुलाधर

थौं स्वांया-पुन्ही लुमंकेगु दिन । दँय् छक: बुद्धयात लुमंका च्वना । लुमंकुं लुमंकुं नं लोमंका च्वना । दँय् छक बुद्धयात लोमंका च्वना च्वना । सलंस: दँ लिपा थौं तकं वैत लुमंका च्वना-सलंस: दँ लिपा थौं तकं वैत लोमंका च्वना । नुगलं खंका: नुगलं पुज्याय् मा:म्ह बुद्धयात जाकिं जक पुज्याना: मूर्ति पतिकं वस्वाना च्वना ।

थौं तकं भी दु:खं मुक्त ज्वी मफुनि । थौं तकं भीगु थ्व संसारय् शान्ति न्हयाबलेंया निंतिं सम्भव मजूनि । दँय् छक: शान्तिया नारा बिया च्वना । धात्थें ला छक: बुद्धयात धों लाना च्वना । दँय् छक: हे जक बुद्धया शन्देस मय्‌नां थें पाठ याना च्वना । थौं स्वांया: पुन्ही- अहो ! थौंया हे दिनय् भीसं बुद्धयात हिस्याना च्वना ।

नया: उपोगु निग:चा जाकिं थौं बुद्धयात पुज्याना च्वना । व निग:चा जाकि नं नय् मखंपिसं पुना यंकि । जिगु नुगलय् दुगु शान्ति नापं भंग ज्वी । नय् मखंपिसं विद्रोह याइ तिनी, जिं स्यू । उकिं अपराधी जि, शोषक जि बुद्धया शरणय् वया च्वना । नुगलय् मदुगु खँ नं म्हुतुं पिकया च्वना- 'बुद्ध शरणं गच्छामी ।'

स्वैतं स्याना मुंका तयागु धन-धेवा छग: निग: श्रद्धाया नामं छाना च्वना जिं बुद्धयात जिगु हे न्ह्योने व धेवा नं लाना यंकी फ्वगिंतय्‌सं । जि ग्याना: थाराक्क न्हुइ । इमि म्वाय्‌यु साधन जिं लाका तयागु लुमनी । जि थें जा:पि पापीतय्‌त बुद्धं शरण बी हे मखु । अय्‌नं जि हे भ्रन तत:सलं हाला, हाला च्वना-'धम्मं शरणं गच्छामि ।'

जि थ:गु हे स्वार्थय् जक जुया: लिमलाका च्वनाम्ह मनू । संसारया सुख व शान्तिया विचा: याना च्वनेगु फुर्सद हे जित: मदु । थ: याक:चिया जक भिंसा गा:म्ह जि । बुद्ध व धर्म खना जि ग्या:। 'बहुजन हिताय, बहुजन सुखाय' जिगु स्वार्थय् मि तइगु मन्त्र व । उकिं संघ खना नं जि ग्या: । बुद्ध धर्म व संघ पाखें तातापाक्क बिस्यूं वया च्वनाम्ह जि । अय्‌सां मछा: मजुसे तीसलं हाला च्वना जि-'संघंसरणं गच्छामि ।'

जि थें जा:म्हस्यां थौं बुद्धयात श्रद्धाञ्जली देछाया च्वना- अहो ! जिं ला बुद्धयात उपहास धका याना च्वना. बुद्धया सन्देसयात थ्वीका नं मथ्वीका च्वनाम्ह जि, जिं हे थ्व संसारय् अशान्ति हया च्वना । न्यायया निंतिं, अधिकारया निंतिं,शान्तिया निंतिं,ल्वाना च्वंपि मनूत सिना च्वंगु जिं स्वया च्वना, त्वलहं स्वया च्वना । अहिंसा परमोधर्म' यात हे हथियार दय्‌का: क्रान्ति याइपिनि अधिकारय् जिं सुगलं कया च्वना अय्‌नं दँय् छक:बुद्धयात पुज्याना च्वना: । गज्यागु ब्यंग, गज्यागु उपहास थ्व !

बुद्धं स्वैकें श्रद्धाया भीख फ्वना च्वंगु मदु । धेवा निग:, जाकि निग: बुद्धं स्वैकें फ्वना च्वंगु मदु । फ्वना च्वंपिं ला मेपिं हे दु । फ्वना नं मदया: ल्वाना च्वंपि ला मेमेपिं हे दु । ल्वाना: नं मफया सिना च्वंपिं ला मेपिं हे दु । थुलि हे थ्वीकेगु ख:-थौं स्वांया: पुन्ही खुनु । अले तिनी बुद्ध लय्‌ताइ ।

थौं स्वांया पुन्ही-बुद्धयात म्हसीकेगु दिन-बुद्धयात धों लाना च्वंपिन्त म्हसीकेगु दिन । उकिं स्वांया पुन्ही दछिया छक: जक मखु दछि यंकं हे न्याय्‌का च्वनेमा: । सुख व शान्तिया निंतिं मद्दिक कुत यायमा: । न्हिन्हिं बुद्धयात लुमंके फय्‌केमा: ।

# माझखण्ड बुद्ध बिहार भ्रमणको यात्रा संस्मरण

❖ पद्मसुन्दर शाक्य

नेपाल भौगोलिक विविधताको दृष्टिले अत्यन्त सम्पन्न मुलुक हो । त्यस्तै विविध जाति, धर्म एवं संस्कृतिको संगमस्थल पनि रहेको छ । ऐतिहासिक, पुरातात्त्विक एवं धार्मिक सम्पदाले पनि भरिपूर्ण रहेको छ । यसप्रकार विविधतायुक्त मुलुकमा सकारात्मक सोचका साथ काम भएमा रोजगारीका अवसरहरु पनि यथेष्ट हुनेछन् । यस्तै विशेषता भएको देश भएकोले भक्तपुर बौद्ध सम्पदा संघको आयोजनामा २०७१ वैशाख १२ र १३ गते ललितपुर जिल्लाको दक्षिणी भेग भट्टेडाँडापारिको विकट डाँडाको शिरमा रहेको माझखण्ड बुद्ध बिहारको भ्रमण कार्यक्रम राख्यौं । त्यस भ्रमण टोलीमा मुनिबिहारका प्रमुख भन्ते विपस्सी तथा अन्य दुईजना श्रामणेरहरुलगायत २६ जना महानुभावहरु सम्मिलित थिए । टोलीको नेतृत्व संघका सल्लाहकार एवं धर्मोदय सभा भक्तपुर शाखाका अध्यक्ष पद्मसुन्दर शाक्यले गर्नु भएको थियो । भक्तपुर बौद्ध सम्पदा संघका सल्लाहकार एवं मुनिबिहारका उपासक संघरत्न शाक्यले सहायकको रुपमा सहयोग पुऱ्याउनु भयो । करिव ७० वर्षभन्दा माथि सम्मका महिला पुरुष सम्मिलित सो टोलीलाई ललितपुरका सेतो भन्ते भनेर चिनिने श्री काजीलाल महर्जनले बाटो देखाउने गाइडको रुपमा सघाउनुभयो । भोजन तथा बसाइको लागि माझखण्ड बुद्धबिहारका प्रमुख चन्द्रबहादुर स्याङ्तानले राम्रो-व्यवस्था गर्नुभएको थियो । भक्तपुरबाट बिहान ५ बजे नै गाडी प्रस्थान गर्नुपर्ने थियो तर गाडीको जिम्मा लिनेबाट समयमा गाडी ल्याउने कार्यमा ढिलाइ भयो । झण्डै कार्यक्रम बिहानको ८:०० बज्दासम्म पनि अघि नबढेकोले कार्यक्रम झण्डै स्थगित घोषणा गर्नै थियो । करिब ८:१५ बजे बिहान मात्रै गाडी भक्तपुरबाट अगाडि बढ्यो । कोटेश्वर-ग्वार्को सडक फराकिलो पार्ने क्रममा रहेकोले गाडी जाममा फस्यो । ललितपुरको बज्रबाराही हुँदै टीका भैरव स्थान पार गरेर हेटौडातिर लाग्ने बैकल्पिक कच्चि ग्राभेल बाटो हुँदै भट्टेडाँडा चौकी पुग्दा बिहानको ९:३५ बजे भइसकेको थियो ।

छोटो लम्बाइको गाडी नल्याएको कारण सहभागीलाई थप दुई घण्टाको ओरालो बाटो लाग्नु पऱ्यो । करिब १२ बजेको दिउँसोतिर हामी सबै इकुडोल गा.वि.स. ३ खानीखोला कलवनको झोलुंगे पुल नाघेर खानाको व्यवस्था भएको स्याङ्तानजीको छोरीको घर पुग्यौं । खानापश्चात् केही समय आराम गर्न समय दियौं । साह्रै ठाडो बाटो मध्यान्ह समय हिड्न सकस नै भयो । पटक-पटक धेरै स्थलमा, भिरालो छहारीमा विश्राम लिंदै ज्ञानमाला भजन श्रवण गर्दै लाग्यौं । कठिन जीवन बिताएका स्थानीयवासी एवं बालबच्चाहरुलाई कापी कलम, खानेकुरा, लुगाफाटाहरुसमेत उपहार बाँडदै अगाडि लम्क्यौं । माथि माझखण्ड बुद्धबिहार पुग्न ढिला हुनै लागेको र सम्मिलित सदस्यहरुले कमजोरी महसुस गरेको कारण चन्द्रबहादुर स्याङ्तानजीका नाति नातिनीहरुको सहयोग माग्यौं ।

करिब साँझको ६:३० बजेतिर हामी बल्ल माझखण्ड बुद्धबिहार पुग्यौं । वातावरण अत्यन्त शान्त थियो । केही यात्री खुट्टा मर्के पनि बल्ल पुगेका थिए । करिब आधा घण्टाको विश्रामपछि सबैले गोडा धोए । त्यसपछि व्यवस्थापन सहयोगीको तर्फबाट आतिथ्य सत्कार

स्वरुप तातो दूधपान गराइयो ।

तत्पश्चात् माथि मन्दिरमा बुद्धपूजा एवं स्वागत कार्यक्रम अगाडि बढाइयौं । मन्तव्यको क्रममा भक्तपुर मुनिबिहारका प्रमुख भन्ते विपस्सीलगायत सबैलाई बिहारमा स्वागत गर्न पाएकोमा धेरै खुशी लागेको कुरा बिहार प्रमुख स्याङ्तानजीले व्यक्त गर्नुभयो । आफूले धेरै मेहनत र कडा परिश्रम गरेर बिहारको उन्नति, संरक्षण र विकासको लागि लाग्ने प्रेरणा श्रद्धेय जटिल भन्ते, विष्णुरत्न शाक्य तथा काजीलाल महर्जनबाट पाएको उहाँले बताउनुभयो । परियत्ति कक्षा पनि सञ्चालन भइरहेको सो गाउँमा बुद्धबिहारको स्थापनापश्चात् झैझगडा रोकिएको तथा मद्यपानमा कमी आएको कुरामा काजीलाल महर्जनले प्रकाश पार्नुभयो ।

साथै उहाँले बिहारको निर्माण कार्य अझै नसकिएको बोल्नुभयो । सहभागी सदस्य संघरत्न शाक्यले यो भ्रमणको उद्देश्य अन्य साथीहरुलाई पनि अवलोकन गराउने र टाढैबाट देखिने गरी गजुर हुनुपर्ने र चैत्यको लागि सहयोग जुटाउने बताउनुभयो । संयोजक पद्मसुन्दर शाक्यले हप्तादिनको अवधिमा भ्रमण कार्यक्रम तय भएको र धेरै अघिदेखि जान मनशाय भएको ठाउँमा नेतृत्व लिएरै आउन पाएको बताउँदै भविष्यमा साथीहरुलाई भ्रमण गर्न प्रेरित गर्ने बताउनुभयो । कार्यक्रममा श्रद्धेय विपस्सी भन्तेबाट भारतका तत्कालीन सम्राटका छोरी चारुमतीसमेतको धम्म दूतमिशनले यस्तै कैयन् डाँडाकाँडा बनपाखाहरु गर्दै नेपालको काठमाडौं उपत्यका आउनुभएको प्रशंग कोट्याउनुभयो ।

तत्पश्चात् बेलुकीको भोजनको लागि हामी उपासक उपासिकाहरु लाग्यौं । यहाँ पनि चन्द्रबहादुर स्याङ्तानजीका नातिनी अनागारिका गुरुमांलगायत उहाँका परिवारजन र अन्यले खानाको सुप्रबन्ध गर्नुभयो । त्यतिञ्जेल बत्ती पनि बल्यो । लोडसेडिंग भएकोले प्रायः समयको सदुपयोग गरी आ-आफ्नो मोबाइल पनि चार्ज गरियो । त्यस ठाउँ धेरैजनालाई पुग्ने किसिमको थिएन । आगन्तुक पाहुनाहरु सबैलाई ओढ्ने ओछ्याउने बन्दोबस्त गरी सबैलाई सुत्ने व्यवस्था गरिदिनुभयो । त्यसैबेला सबैलाई भोलि बिहान जलपान ग्रहणगरी ७:०० बजेको हाराहारी फर्कने हुनसक्ने भएकोले सोअनुसार तयारी गर्न सूचना गरियो ।

त्यहाँ बस्दा हामीले रोपवे पनि देख्यौं । जसको निर्माण केही वर्ष अगाडिमात्रै भएको कुरा थाहा पायौं । जसको सहयोगले स्थानीयवासी साँझ बिहान गाई भैंसीको दूध भट्टेडाँडा मोटर बाटो पुऱ्याउने गर्दथ्यो । त्यस्तै गाउँमा आवश्यक निर्माण सामग्री, दैनिक उपभोग्य सामग्री पनि त्यसरी नै सरल तरिकाले ल्याउने जानकारी प्राप्त गऱ्यौं । त्यस्तै कहिलेकाहीं त्यसैबाट चेतना गुम भएका बिरामी पनि पठाइने गर्दछ भन्दा त मुटुको धड्कन नै बढ्न थाल्यो । त्यतिमात्रै नभई त्यहाँ ठूला जेनरेटर चलाई निरन्तर पानी आपूर्ति भएको देख्यौं । जसको लागि अन्तर्राष्ट्रिय सहयोग नै पाएको हुनुपर्दछ भन्ने अनुमान गऱ्यौं ।

पहिले धेरै नै नांगो पहाड भइरहेकोमा चन्द्रबहादुर स्याङ्तानलगायतका सबै अगुवाहरुले वृक्षारोपण कार्य गरी हरियाली डाँडामा परिणत गरेको देख्यौं । त्यतिमात्र नभई भगवान बुद्धको मूर्ति विपस्सी भन्तेलाई अनुरोध गरी मित्र राष्ट्र थाइलैण्डबाट प्राप्त गरेको तर धेरै समय ध्वाँसो लाग्ने गरी कसैको घरमा राख्नु परेको र बिहार बनाउन नसकेको दुरावस्थाबारे जानकारी गराइयो । जोश र जाँगरका धनी एवं अत्यन्त दुःख गर्ने बानी परेका स्थानीय बहुसंख्यक तामाङ समूह समेत लागी चाँडै नै मोटरबाटो पुऱ्याउने अठोट पनि व्यक्त गरियो । पर्यटकीय स्थल घोषणा भइसकेको र विभिन्न देशका विशिष्ट अतिथिहरुबाट पनि भ्रमण भइसकेको यस स्थलमा सम्बन्धित निकाय, पर्यटन विकास बोर्ड तथा सांसदबाट पनि सहयोग समयमै मिले सुविधा सम्पन्न हुनेमा दुईमत नहोला ।

वैशाख १३ गते बिहान सहभागी सदस्यहरुको तर्फबाट त्यस बिहारको सहयोगस्वरुप रु.७२,६२२/- काजीलाल महर्जन तथा चन्द्रबहादुर स्याङ्तानलाई सुम्पियौं । त्यसपछि बिहानको ७:०० बजेको हाराहारीमा हामी ओर्लियौं । त्यस क्रममा चन्द्रबहादुर स्याङ्तानजीले आफ्नो घर परिबारको चिनारी गराउनुभयो । सबैलाई

भैंसीको तातो दूध खुवाएर स्वागत गर्नुभयो । केही समय सम्भनाका क्षणहरुलाई आ-आफ्नो क्यामरामा कैद गर्न व्यस्त भयौं । त्यसपछि बिदावारी लिई ओरालो लाग्यौं । बाटो अलि चिप्लो थियो । कसैकसैलाई ओर्लने क्रममा घुँडा दुख्ने भएकोले अलि विस्तारै भयौं । करिब ११:०० बजेतिर सबैजना पहिले खाना खाएको ठाउँमा आइपुग्यौं । एकछिनको विश्रामपछि खाना प्रारम्भ भयो । एउटी अनागारिका गुरुमां पनि खानामा सघाउन व्यस्त हुनुहुन्थ्यो । उहाँ शाक्य सिंह बिहार थैना, ललितपुरमा बस्नुहुन्थ्यो भन्ने थाहा पायौं । उहाँ नेपालभाषा राम्ररी बोल्नुहुन्थ्यो । उहाँ पनि चन्द्रबहादुर स्याङ्गतानजीका छोरी नातिनी भन्ने जानकारी पायौं ।


खानाखाने क्रममा नै धर्मशोभा शाक्य र कमललक्ष्मी शाक्यले हिड्न आँट नभएकाले रात भर बसी भोलि मात्रै फर्कने जिकिर गर्न थाल्नुभयो । त्यसैले टोली नाइकेले सकभर मोटर व्यवस्था गर्न त्यहाँ खानीखोलामा ६.२८ मेघावाटको जलविद्युत् परियोजनामा कार्यरत ठेकेदार र उनका ड्राइभरलाई अनुरोध गर्‍यौं । तर सहयोग जुरेन । त्यतिञ्जेल रात बस्ने विचार गर्नुभएका यात्रीहरुलाई टोल छिमेकमा अनेक कुरा काट्न सक्ने हुँदा बरु विस्तारै जाउँला भनी विपस्सी भन्ते तथा विजयरत्न शाक्यले सम्भाउनुभयो । सबै यात्रीहरुले 'लौ त' भन्दै उकालो चढ्दै गरेको देख्दा टोली नेतालाई आनन्दको अनुभूति भयो । फर्कने क्रममा पनि धेरै नै ठाउँमा धेरै नै बेर विश्राम गरी बल्लतल्ल तोरी पेल्ने स-मिलनिर आइपुग्यौं ।

त्यहींबाट थोत्ने खोलामा निर्माणको क्रममा रहेको लघु जलविद्युत् परियोजना पनि टाढैबाट देख्न पायौं । सम्पूर्ण सदस्यहरु भट्टेडाँडा आइपुग्यौं । केही लामो समय विश्राम गर्‍यौं त्यहाँ पनि । सबैले थकाई मार्दै चियानास्ता गरे । तत्पश्चात् हाम्रो गाडी टीकाभैरवको बाटो भएर बज्रबाराही आइपुग्यो । करिब आधाघण्टामै बाटो फराकिलो गर्ने क्रममा रहेको चक्रपथको धुलाम्मे बाटोमा आइपुग्यौं । त्यसपछि कोटेश्वर हुँदै साँझको ५.३० बजेतिर सबैजना भक्तपुर पुग्यौं । अनि एक आपसमा बिदाबारी पनि भयौं ।


२५५९ औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।


दिब्य स्विट्स

इताछें, भक्तपुर-१७, फोन नं.६६१३७०२



Quality Foods For Good Health

हार्दिक शुभकामना



आयु बज्र शाक्य (आयुष)
रत्न सुन्दर शाक्य

२५५९औं बुद्ध जयन्तीया लसताय्
सकल नेपामि पिन्त भिन्तुना !

बज्र सुन्दर गहना गृह

इनाचो-६, भक्तपुर, फोन ६६१३३९०

यहाँ तयारी तथा अर्डरबमोजि सुन-चाँदीका गहनाहरू बनाइन्छ ।

# शान्ति कायम गरौं !

✍ न्हुछेरत्न बुद्धाचार्य

शान्ति कायम गरौं ।
अशान्तिले घेरिएको पथमा
कसरी शान्ति कायम गर्ने ?
निर्मल मनको अभावमा
कसरी दया करुणा राख्ने ?

यो बुद्ध भूमिमा
द्वन्द्वको आगो सल्कि रहेका छन्
नैतिक आचरणको पतन भइरहेछ
मनको आँखा नखोलेर अज्ञानताले छोपिरहेछ ।

आफ्नो मात्र स्वार्थ पुरा गर्ने बकुल्ला भगतहरुले
बुद्धको पुण्यभूमिमा अराजकता फैलायो
विश्व शान्तिका महानायक सिद्धार्थ जन्मेको धरतीमा
पंचशील नै पालन गरेन यहाँ शान्तिले बाँच्न ।

यो बन पाखा पर्वतको प्रत्येक बस्तीमा अहँकारी,
अज्ञानीहरुको राग द्वेष मोहले
चारैतिर हिंसा भडकाएर अशान्त पारे
एशियाको ज्योति बुद्ध जन्मेको शान्ति भूमिमा ।

यसैले,
अज्ञानताले घेरिएको यो फुलबारीमा
हामीले ज्ञानको सुवास छरेर
असंतोष, तृष्णा र हिंसालाई त्यागेर
सन्तोषी, सदाचारी र संयमित बनेर शान्ति कायम गरौं
यो धर्तीमा ।

✠

# ज्ञान सिइके

✍ चन्द्रबहादुर उलक

उखें थुखें च्वन चाहुला 'मार'
ल्यासे-ल्याय्म्ह स्यंकीन स्व:
चरेस, गजी, अय्ला व ड्रग्सं
न्हंकीन समाज भीगु ध्व ।

सतक-गल्ली, बाग व बगैंचाय्
युवा चेतना तंकल स्व:
च्वसा: व सफू ध्याकुने तया:
छोइन देय्या नां हे ध्व: ।

चुलाच्वन धे धे हव:ला च्वन इज्जत
थ:गु हे संसार खंका: च्वन स्व:
मां-अबुया सर्ग स्वयेगु
न्हुया: च्वन अमिसं आसा व:।

बुद्धं ब्यूगु शील मधुया
मिखा दया: नं कां जुल स्व:
जीवन भीगु सार्थक यायेसा
ज्ञान बुद्धया थुइकेगु स्व:

✠

# मानसिक विकास र बुद्ध धर्म



जमुना गोसाईं

मनसम्बन्धि विकास अर्थात् मनको विकासलाई मानसिक विकास भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा आध्यात्मिक चिन्तनलाई अङ्गाली अगाडि बढ्नुलाई नै मानसिक विकास भनिन्छ । हुनत: मानिसको सर्वाङ्गिण विकासको लागि आध्यात्मिक र भौतिक विकास दुवै चाहिन्छ । एउटा कुरा के निश्चय छ भने आध्यात्मिक विकासद्वारामात्र भौतिक विकास सम्भव हुन्छ । किनभने मन नै स्थिर भएन भने मानिसले केही पनि गर्न सक्दैन । 'मन' भनिने तत्व साँच्चै नै अदृश्य छ । तर पनि यसको महत्त्व अत्ति नै छ । जसरी अदृश्य भए पनि यो बिना हामी बाँच्न सक्दैनौं र 'मन' लाई एक हिसाबले 'बाँदर' को संज्ञा पनि दिइन्छ । किन कि मन सार्न्है चञ्चल र चुलबुल हुन्छ । साथै मानव शरीर एक ठाउँमा रहेपनि मन भने कता कता पुगिसकेको हुन्छ । 'मन'लाई जहाँ, जता गएपनि कुनै पावण्दी हुँदैन । त्यसैले यदि यस्तो चकचके मनलाई वशमा राखी आफ्नो नोकर बनाउन सक्यौं भने हामीले अवश्यम्भावी सफलता हासिल गर्न सक्छौं ।

महामानव तथा विश्व शान्तिका अग्रनायक गौतम बुद्धले पनि भन्नुभएको छ 'हामी मनलाई मालिक बनाएर जीवन निर्वाह गरिराखेका छौं । तर यदि मनलाई नोकर बनाउन सक्यौं भने हामीले जीवनमा ठूलो उपलब्धी हासिल गर्न सक्छौं । मन भनेको विभिन्न क.रणहरुले प्रदुषित भइरहेको हुन्छ । जसकारण विभिन्न समस्याहरु झेल्नु परेको हुन्छ । हुनत: शारीरिक दु:ख पनि हामीले झेलिरहेका हुन्छौं, तर त्यसलाई मनले ग्रहण नगरेसम्म त्यो दु:ख मुख्य मानिदैन । त्यसकारण मन नै सर्वेसर्वा वा मुख्य हो । भगवान बुद्धद्वारा देशित कथन 'आफ्नो नाथ आफै हो'ले पनि मानसिक विकासलाई नै प्राथमिकता दिन्छ । मुख्यतया मानिसले गर्ने कर्मलाई तीन भागमा विभाजन गरिन्छ- वाचिक, शारीरिक र मनले गर्ने कर्म । तर यी कर्महरुको पछाडि मन नै मुख्य मानिन्छ । किनकि मनले नै कुनै राम्रो होस् या नराम्रो कर्म गर्न उत्प्रेरित गर्दछ । समग्रमा हेर्दा मानव जीवन नै मन र शरीरको संयोजन हो । त्यसैले शरीरले मनलाई र मनले शरीरलाई सधै प्रभाव पारेको हुन्छ । बुद्धधर्ममा भने मन र शरीर (Mind and Body) मध्ये मनलाई नै बुद्धले आफ्नो क्षेत्र मानेको देखिन्छ । त्यसैले बुद्धधर्म नै एउटा त्यस्तो धर्म हो जसले मानसिक विकासलाई ग्राह्यता दिन्छ ।

सगरमाथाको देश भनेर चिनिने नेपाललाई गौतम बुद्धको देश भनेर पनि चिनिन्छ । उही नेपालका विभूति बुद्ध कहलिएका सिद्धार्थ गौतमद्वारा अनुभव गरिएको यथार्थ ज्ञानलाई नै बुद्धधर्म भनिन्छ । बुद्धले मनलाई नै मुख्य मानेको कारण समाधितर्फ बढी चासो देखाउनु भयो शारीरिक योगतर्फ भन्दा पनि । त्यसैले पनि उहाँले आध्यात्मिक उन्नति वा मानसिक विकासका लागि थुप्रै उपदेशहरु दिनुभएको छ । जसमा चार-आर्य सत्य, प्रतीत्यसमुत्पाद दर्शन, धर्मचक्र प्रवर्तन सुत्र, अनत्तलक्खन सुत्र, महासतिपट्ठान सुत्र आदि पर्दछन् । यसैगरी उहाँले धम्मपद अन्तर्गतको यमकवग्गो (जोरा वर्ग) मा मानसिक विकासलाई बढावा दिइएको पाइन्छ, निम्न गाथाहरुद्वारा-

मनोपुब्बङ्गमा धम्मा-मनोसेट्ठा मनोमया ।

मनसा चे पद्ट्ठेन-भासति वा करोति वा ।

ततो नं दुक्खमन्वेति-चक्कं व वहतो पदं ॥

मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, औ यो मन जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मनले कसैले बोल्यो वा गर्यो भने बयलको पछि पछि गाडाको पाङ्ग्रा आंए झैं दुःख पछि पछि लागेर आउँछ ।

मनोपुब्बङ्गमा धम्मा-मनोसेट्ठा मनोमया ।
मनसा चे पसन्नेन-भासपति वा करोति वा ।
ततो नं सुखमन्वेति-छाया व अनपायिनी ।
मनको धर्म- जुनसुकै काममा पनि अगुवा हुनु,
औ यो मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण शुद्ध मन लिएर कसैले बोल्यो वा गर्यो भने आफ्नो पीछा नछोड्ने छायाँ आएझैं सुख पछि लागेर आउँछ ।

यी दुई गाथाहरुद्वारा बुद्धधर्मले कतिसम्म मानसिक विकास गर्न पाइलाहरु चालेको छ भन्ने कुरा प्रष्ट हुन्छ । त्यसैले मन नै श्रेष्ठ छ । यो संसार नै मनले निर्माण गर्दछ । कलुषित मनद्वारा गरिने कामले सदा गाडाले पाङ्ग्रा पछ्याएझैं दुःखले पछ्याउँछ । तर शुद्ध मनले सदा आफूलाई पछ्याउने छायाँजस्तै सुखलाई निम्त्याउँछ ।

यो मानव संसारलाई आजको परिपेक्षमा नियाल्दा हामीले केवल जताततै मानसिक समस्याहरु देख्छौं । झट्ट हेर्दा आजकालका मानिसहरु अत्याधुनिक प्रविधिद्वारा धेरै नै सुखी र सम्पन्न देखिन्छन् तर गहिराईमा पुगेर डुबुल्की मार्दा हामीले आजका मानिसहरुले जति पनि दुःखहरु झेलिरहेका छन् ती सबैको कारण मानसिक विकारले नै हो भनेर देख्छौं । मानसिक विकार मानिसको मनलाई कमजोर बनाउने तत्वहरु हुन जस्तै-लोभ, द्वेष, मोह, ईर्ष्या, अहंकार इत्यादि बुझिन्छ । भगवान बुद्धले त्यस कारण नै यी कुराहरुलाई हृदयगम गरी विभिन्न शिक्षाहरु वा उपदेशहरु दिनुभएको छ । यो दृष्टिले हेर्दा मानसिक विकारलाई निर्मूल पार्न बुद्धले दिनुभएको शिक्षाहरु अति महत्त्वपूर्ण छन् ।

बुद्धधर्ममा मनलाई प्रमुख मानिन्छ र यो धर्म अनुसार जुनसुकै कुरा पनि मनबाट सुरु हुन्छ । मनले केही गर्न अऱ्हाएपछि मात्र शरीरले काम गरेको हुन्छ । भनिन्छ, नि, जुनसुकै कार्य यदि मनदेखि गऱ्यो भने अवश्य सफल होइन्छ । हुनत बुद्धले सिकाउनु भएको शिक्षा वा अनुमोदित शिक्षा नै ८४००० धर्म स्कन्ध छन् । तर पनि उहाँको मूल शिक्षाको रुपमा मनको विकासलाई नै लिन सकिन्छ । उहाँले हाम्रो व्यावहारिक जीवनको सत्य-तथ्यलाई नियाली निर्वाण प्राप्त गर्न मार्ग देखाउनुभयो ।

अर्को दृष्टिकोणले हेर्दा बुद्धको मूल शिक्षा भनेको शील, समाधि र प्रज्ञा हो । शील भन्नाले कार्य र वचनलाई संयम गर्नु, समाधि भनेको चित्तलाई एकाग्र गर्ने शुद्ध गर्ने र प्रज्ञा भन्नाले संसारको स्वभाव धर्म जस्ताको तस्तै थाहा पाउनेलाई भनिन्छ । वास्तवमा हामी मानिसहरु भ्रममा बाँचिरहेका हुन्छौं । वास्तविक सुख प्राप्त न भए पनि सुखी छौं भन्ने ठान्छौं । हामी र संसारको स्वभाव धर्मलाई बुझ्न चाहँदैनौ पनि । संसारको स्वभाव धर्म भनेको यो अनित्य छ, परिवर्तनशील छ । त्यसैगरी संसार दुःखमय छ, सुखैसुख हुँदैन । संसार अनात्मवादी हुन्छ । अर्थात् आफ्नो अधीनमा हुँदैन । संसार अशुभ छ, तर त्यसलाई शुभ मान्छौं । यी यस्ता कुराहरुलाई नै नबुझ्दा हामीले दुःख झेलिरहेका हुन्छौं । जसकारण मनमा शान्ति हुँदैन र सुख प्राप्त गर्न सक्दैनौं ।

मूल रुपमा शील, समाधि र प्रज्ञाको विस्तृत रुप नै आर्य अष्टाङ्गिक मार्ग हो । आर्य अष्टाङ्गिक मार्ग भनेको त्यो मध्यम मार्ग हो जसले दुःखबाट मुक्त गराई निर्वाण प्राप्त गर्न मद्दत गर्दछ । आर्य अष्टाङ्गिक मार्गमा आठवटा मार्गहरु पर्दछन् । जस्तै -सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् बचन, सम्यक् कर्मान्त, आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि । यी आठ मार्गहरुमा सम्यक् समाधि दृष्टि र सम्यक् संकल्प प्रज्ञामा, सम्यक् बचन, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि अन्तर्गत पर्दछन् । सम्यक् दृष्टि भनेको सही दृष्टि हो, संसारको स्वभाव धर्म जान्नको निम्ति । सम्यक् संकल्प भनेको कुशल-राम्रो कल्पना, विचार ल्याउने संकल्प वा प्रयत्न हो । सम्यक् वचन भनेको सत्य र सारयुक्त कुरा गर्नु, सम्यक् कर्मान्त भनेको आफ्नो कुनै पनि कायिक, वाचिक र मनद्वारा

गरिने कर्मले कसैलाई अहित नहुने कार्य गर्नु, सम्यक् आजीविका भनेको आफ्नो जीविकोपार्जन गर्दा कुनै अहित कार्य नगर्नु हो । त्यसैगरी सम्यक् स्मृति भनेको शरीर र मनले गर्ने हरेक कार्यप्रति जागरुक रहनु, सम्यक् व्यायाम भनेको मनमा भएको क्लेश र मयल हटाएर पठाउनुलाई र सम्यक् समाधि भनेको होश नटुटाई मनलाई कतै बाहिर जान नदिइकन समाति राख्नुलाई भनिन्छ ।

यी आठ मार्गहरुमा पनि विशेष गरी सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधिले मनका विकारहरुलाई निर्मूल पार्दछ । यी तीन मार्गहरुको अभ्यासद्वारा मानसिक सुख प्राप्त गर्न सकिन्छ । आर्य अष्टाङ्गिक मार्गबारे धर्मचक्र प्रवर्तन सुत्रमा उल्लेख गरेको छ । विस्तृत रुपमा भन्नुपर्दा यसबारे त्रिपिटकको विनयपिटकको महावग्ग मज्झिमनिकायमा उल्लेख गरिएको छ । विशेषतया: समाधिको मनसँग प्रत्यक्षसम्बन्ध देखिएता पनि शील प्रज्ञाले पनि मनको विकारहरु हटाउन मद्दत गर्दछ । शील राम्ररी पालन गऱ्यो भने मन प्रसन्न, हलुका हुन्छ । मनमा कुनै पनि पश्चताप हुँदैन । जसरी कुनै अमूल्य गहना लगाउँदा मन प्रसन्न हुन्छ, ठीक त्यसैगरी शीलद्वारा पनि मन प्रसन्न हुन्छ । त्यसैले शील नै मानसिक विकासको एक पूर्वाधार हो, जबकि शीलले मानिसलाई आफ्नो कार्य र वचनलाई संयम गर्दछ । साथै शीललाई मान्छेको शीरको रुपमा लिइन्छ । यदि मानिसले सामान्य नियम नै पालना गर्न नसके उसले केही गर्न सक्दैन । शीलको पालन पछि मात्र नै उसले प्रज्ञा र समाधि हासिल गर्नसक्छ । समाधिले विशेष गरी मनसँग सम्बन्धित हरेक कार्यहरुलाई सुल्झाउँछ प्रज्ञाद्वारा प्राप्त ज्ञानको सहायताले । जब मानिसले पूर्णतया मनका सारा विकारहरुलाई निर्मूल पार्दछ, तब उसले मानसिक विकास गर्नसक्छ । यो त्यसैले तबमात्र सम्भव हुन्छ । जब हामीले राम्ररी बुझेर शील, समाधि र प्रज्ञालाई पालन गर्नसक्छौं ।

चित्त वा मन भनेको सदा चञ्चल हुन्छ । जसरी हावा अदृश्य भएर जहींतही पुगेको हुन्छ, त्यसैगरी अदृश्य चित्त पनि शरीर एक स्थानमा अडिग रहेता पनि यो कताकता उडेर जान्छ । तर यसरी उडेर जाने मनलाई पनि वशमा राखी आफ्नो काममा लगाउन सक्ने बनाउँछ, बुद्धधर्मले आफ्नो विशिष्ट शिक्षा वा दुर्लभ शिक्षाद्वारा । त्यसैगरी बुद्धधर्मले सैद्धान्तिक भन्दा पनि व्यावहारिक पक्षलाई बढी महत्त्व दिई अभ्यासत्मक कार्यलाई बढावा दिन्छ । आजको परिस्थितिलाई हेर्दा हामी मानिसहरु जुन पनि कार्य मनले अऱ्हाएजस्तो गर्छौं । जसमा मनका विकासहरुको विशेष भूमिका हुन्छ । परिणामत: हामीले धेरै नराम्रा कार्यहरु गरिरहेको हुन्छौं, आफ्नो चित्तलाई एकाग्र गर्न नसकेर । त्यसैले जसरी पानी सधैं ओरालोतिर बग्छ, त्यसरी नै चञ्चल मन सधैं नराम्रो काम गर्नतिर लाग्छ र यस्तो चित्तलाई एकाग्र गर्न आवश्यक छ, शुद्ध गर्न आवश्यक छ, जुन समाधिद्वारा सम्भव हुन्छ ।

चित्तलाई परिशुद्ध गर्न दुईवटा कुराको आवश्यक पर्दछ-समथ र विपश्यना । समाधिद्वारा समथ भावनाले एकाग्रता ल्याँउछ भने स्मृतिद्वारा विश्यनाले शुद्धता ल्याउँछ । यसरी समथले सम्पूर्ण विकासहरुलाई एक ठाउँमा लगेर एकाग्र बनाउँछ र शुद्धतातिर लान्छ भने विपश्यनाले क्लेशलाई पूर्णतया निर्मूल नै पार्छ । समथमा ४० प्रकारका ध्यान छन् । ती मध्ये आनापानस्मृति ध्यान एउटा मुख्य हो । शरीरमा भइरहेको हर्कतलाई तटस्थरुपमा हेर्ने ध्यानलाई नै आनापानस्मृति ध्यान भनिन्छ । समथ बिना समाधि सम्भव हुँदैन भने समाधि बिना समथ पूर्ण हुँदैन । उदाहरणका लागि फोहोर र कसिङ्गर भएको पानीलाई चलायो भने त्यो सबैतिर फैलिन्छ । तर यदि केही दिन चलाएन भने फोहोर सबै पिँडमा जान्छ । यसरी माथि मात्र शुद्ध पानी रहेकोलाई समथ भनिन्छ । फेरि यदि त्यो पानीलाई चलायो भने फोहोर हुन्छ । तर यदि त्यो पिँडमा रहेको फोहोरलाई नै फालेर शुद्ध पानी एकातिर हाल्यो भने पानी अब जति चलाएपनि फोहोर हुँदैन । यो प्रक्रियालाई भने समाधि भनिन्छ । त्यसैगरी समथमा पर्ने ४० प्रकारका ध्यान मध्ये एउटा प्रमुख ध्यान-चतुब्रम्ह विहार अर्थात् मैत्री, करुणा, मुदिता र उपेक्षा हो । मैत्री भन्नाले सबैप्रति मित्रवत् व्यवहार गर्नु, करुणा भनेको सबै सत्वप्राणीप्रति

दया, माया भाव राख्नु, मुदिता भनेको अरुको प्रगति, उन्नति देखेर कुनै ईर्ष्या भाव राख्नु र उपेक्षा भनेको सम-भाव राख्नु अर्थात् अष्ट लोक धर्म जस्तै-यस-अयश, लाभ-अलाभ, सुख-दु:ख र निन्दा-प्रशंसाप्रति कुनै कारणको आशक्ति वा विरक्ति नजनाउनु हो ।

समाधिले मनलाई वशमा राखी मानसिक विकासतर्फ उन्मुख गर्दछ । यसका चार स्मृति प्रस्थानले मनका विकारहरु निर्मूल पार्दछ र ती हुन्-

१) कायानुपस्सना-शरीरको हरेक क्रियाकलापलाई तटस्थ भावले हेर्ने ।

२) वेदनानुपस्सना-शरीरले अनुभव गर्ने वेदना, चाहे सुख होस् वा दु:ख वेदना होस्, त्यसलाई तटस्थ भावले हेर्ने ।

३) चित्तानुपस्सना-चित्तमा उत्पन्न भएका विभिन्न तरङ्गलाई सम भावले हेर्ने ।

४) धम्मानुपस्सना-शरीरको स्वभाव धर्मलाई सम भावले हेर्ने ।

यसरी यी चार स्मृति प्रस्थानद्वारा हरेक क्रियाकलापहरुप्रति होस् राख्दछ । जस कारण मनलाई वशमा राख्न सकिन्छ र यो केवल ध्यानद्वारा सम्भव हुन्छ । ध्यान गर्दाखेरि उत्पन्न हुने भावना पाँच प्रकारका छन्- कामछन्द, व्यापार, राग, थिनमिद र विचिकिच्छा । यसरी उत्पन्न हुने भावनालाई पनि ध्यानको अभ्यासले निर्मूल पार्दछ ।

संयुक्त निकायमा एउटा गाथा उल्लेख गरिएको छ -'सब्बे धम्मा वेदना समो सरणा' । जसको अर्थ जति पनि हाम्रो मनका कुराहरु छन्, ती मनमा मात्र बस्ने होइन, त्यो शरीरबाट पनि प्रस्फुटित हुन्छन् । त्यसैगरी सतिपट्ठान सूत्रमा एउटा गाथा उल्लेख गरिएको छ - 'सब्बकाय पटिसम्वेदि अस्ससिस्सामिति सिक्खति ।' अर्थात् सबै शरीरको कार्यको संवेदना, वेदनालाई थाहा पाई म सास लिन्छु । यी दुई गाथाहरुद्वारा पनि यो प्रष्ट छ कि जुनसुकै कार्य मनबाटै सुरु हुन्छ र पछि मात्र त्यसलाई शरीरले ग्रहण गर्दछ । बुद्धधर्मसँग सम्बन्धित सतिपट्ठान सुत्र पनि ध्यानसँगै सम्बन्धित छ । यो एउटा त्यस्तो मार्ग हो, जसबाट सत्वहरुले चित्तको विकारलाई निर्मूल गर्न सक्छन् भनी भगवान बुद्धले भन्नुभएको छ । त्यसैले यदि मनका विकारहरु नै निर्मूल भयो भने अवश्य नै मानसिक विकास सुनिश्चित हुन्छ ।

त्यसैगरी बुद्धधर्मसँग सम्बन्धित विषय दशपारमिता हो, जुन मानसिक विकासको लागि अति आवश्यक छ । बुद्धत्व प्राप्तिको लागि चालिने पाइला नै दशपारमिता हो र यसले पूर्णतमा मनलाई वशमा राखी कुशल कार्य गर्न प्रेरित गर्छ । दशपारमितामा पर्ने तत्वहरुमा दान, शील, नैक्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री र उपेक्षा हुन् । साँच्चै हेर्ने हो भने दशपारमिताले नै मनलाई परिचालन गरी मानसिक विकासतर्फ उन्मूख गर्छ, मनका विकारहरु अथवा नराम्रा भावहरु हटाएर । जस्तै- दानले आशक्ति हटाउँछ, शीलले मन प्रशन्न बनाउँछ, नैष्कम्यले घरबारप्रति अनाशक्ति भाव जगाउँछ, प्रज्ञाले कुनै पनि कुरा जानिन्छ । अर्थात् प्रज्ञा भनेको कुनै कुरा जान्नु भने ज्ञान भनेको बुझ्नु हो । त्यसैगरी वीर्यले निरन्तर उत्साह जगाउँछ, काम गर्न जागरुक बनाउँछ, क्षान्तिले सहनशील, सत्यले पाखण्डीपनबाट टाढा राखी यथावादी, तथाकारी बनाउँछ, अधिष्ठानद्वारा जुनसुकै कार्य गर्न दृढता हुन्छ, मैत्रीले मित्रवत् व्यवहार सिकाउँछ र उपेक्षाले असन्तुलितलाई हटाएर तटस्थ भएर बाँच्न साथै अष्टलोक धर्मलाई जानेर समभाव राखेर बाँच्न सिकाउँछ । यसरी यी गुणहरुले हिंसालाई रोकी अहिंसाको बाटो रोज्दछ । जस कारण मनमा एक प्रकारको भ्रातृत्वभाव, आफ्नोपन हुन्छ र स्वत: मानसिक विकासतर्फ लाग्न सकिन्छ ।

बुद्धधर्मको एउटा महत्त्वपूर्ण पक्ष के हो भने यो वैज्ञानिकतामा आधारित धर्म हो । चार आर्यसत्य र प्रतीत्यसमुत्पाद जस्ता विषयलाई विज्ञान समेतले पनि नकार्न सक्दैन । किनकि यो सबैलाई उत्तिकै उपयुक्त छ । जस्तो कि विज्ञानका नियमहरु सबैलाई एकै समान हुन्छ । तर यी विषयलाई स्वयम्ले अभ्यास नगरी थाहा पाउन सकिदैन र यसको लागि ध्यान गर्न आवश्यक पर्दछ । प्रतीत्यसमुत्पादमा कारण-कार्य बारे प्रस्ट रुपमा उल्लेख

गरिएको छ । जसबाट मनको विकार-तृष्णालाई क्षय गरी निर्वाण प्राप्त गर्न सकिन्छ । यी यस्ता कुराहरुलाई 'अभिधर्म' भन्ने विषय अन्तर्गत पनि उल्लेख गरिएको छ । त्रिपिटकको तीन खण्डमध्येको एक अभिधर्मले चित्तसम्बन्धी अध्ययन र अभ्यास गर्दछ । जसकारण चित्तलाई विभिन्न विकारहरुबाट मुक्त गराउँदछ । गहिराइमा पुगेर अभिधर्म बारे जान्न खोज्यो भने चित्त नै १२१ प्रकारका हुन्छन् । यसरी चित्त अर्थात् मनबारे नै विस्तृत रुपमा अध्ययन र अभ्यास गर्न सक्यो भने अवश्यम्भावी मानसिक विकासमा टेवा पुग्दछ ।


चित्त भनेको विज्ञान हो र यसमा थुप्रै भावनाहरु बस्न आउँछन्, जसलाई चेतसिक भनिन्छ । चेतसिक ५२ प्रकारका छन् । चित्तसँगै घुलेर चेतसिकले काम गर्छ । चेतसिकलाई पनि राम्रो र नराम्रो भनी विश्लेषण गरिएको छ । तर यदि नराम्रोले जरो गाडन सफल भयो भने नराम्रो कार्यहरु गर्नतिर प्रोत्साहित हुन्छौं । जसकारण मनमा सुख, शान्ति हुँदैन र यदि मनमा हलचल छ भने कसरी मानसिक विकास सम्भव हुन्छ ? भनिन्छ छ नि, मन भनेको खुल्ला किताब सरह हो । जसरी खुल्ला किताबमा जे-सुकै पनि कोर्न सकिन्छ, ठीक त्यसरी नै चित्त वा मनमा राम्रा नराम्रा दुवै कुराहरु बस्न सक्छन् । तर यदि हामीले मनलाई वशमा राख्न सक्यौं भने हामीले राम्रा कार्यहरुमात्र गर्छौं । जसबाट मानसिक सुख प्राप्त हुन्छ र यसले परिणामत: मानसिक विकास गर्छ ।

त्यसकारण मानसिक विकास भनेको शरीरलाई स्वस्थ बनाउने उपाय पनि हो र यसको लागि बुद्धधर्म नै उपयुक्त धर्म हो । स्वयम् भगवान बुद्धले भन्नुभएको छ कि-'कुनै पनि कार्य वा कुरा अरुले भन्यो वा गर्‍यो भन्दैमा नगर, स्वयम्ले यदि अनुभव गरी राम्रो लाग्यो भनेमात्र ग्रहण गर ।' यो वाक्यले पनि प्रस्ट हुन्छ कि यदि हामीले व्यवहारिकतामा यी बुद्धले भन्नुभएको कुराहरुलाई उतार्न सक्यो भने हामीले मानसिक विकास गर्न सक्छौं । त्यसैले कुनै पनि व्यक्तिले मानसिक विकास गर्न बुद्धको शिक्षा अनुशरण गर्न जरुरी देखिन्छ ।

आजको हाम्रो समाजलाई दृष्टिगत गर्दा पनि हामीले यहाँ थुप्रै समस्याहरु मानसिक विकासको कमीले नै भएको देख्छौं । यहाँ समाजमा बस्ने मानिसहरु एक अर्काप्रति मित्रवत् व्यवहार देखाउँदैनन्, अरुको प्रगति देखेर ईर्ष्या गर्छन, सहकार्य र सह अस्तित्वका बारेमा जान्न चाहँदैनन् । जसकारण थुप्रै दु:खहरु भेल्नु परेको छ । समाज त वृहत रुप भयो, आजभोलिमा परिवार भित्र पनि एकरुपता छैन, परिवारका सदस्यहरुबीच पनि विखण्डता भइरहेको छ । यो सबै हुनुको कारण मानसिकताको कमीले नै हो । मानिसमा त्यागी भावना नहुनु, संसारको स्वभाव धर्मलाई नजान्नु, आफ्नोमात्र उन्नति चाहनु इत्यादि सबै मनका विकारहरुले उत्पन्न गराउँछ । जसकारण मनमा कुनै प्रकारको पनि आनन्द आउँदैन र सदा समस्याहरुमा रुमलि राख्नुपर्ने हुन्छ । फलस्वरुप मानसिक विकास हुँदैन ।

त्यसैले बुद्धधर्ममात्र एउटा त्यस्तो उपयुक्त धर्म हो । जसले मानसिक विकासलाई ध्यान विधिको अभ्यासद्वारा बढावा दिन्छ । मनमा उत्पन्न हुने हरेक नराम्रा कुराहरुलाई हटाई सदा राम्रा कुराहरुमात्र ल्याई मनमा सुख, शान्ति र समृद्धि ल्याउँछ । यदि गहिराईमा पुगेर चिन्तन गर्ने हो भने साँच्चै नै मन मुख्य हो र यदि मन नै वशमा रहेन भने हामीले कुनै पनि कार्य राम्रोसँग गर्न सक्दैनौं । हामीले एउटा कार्य गरिरहेका हुन्छौं, तर मन कताकता उडेर डुलिरहेको हुन्छ । जस कारण हाम्रो काम सफल हुँदैन । वैज्ञानिकताको ताज पहिरिसकेको बुद्धधर्म नै हो, जसले अहिले भइ रहेको समस्याहरुलाई हल गरी अहिंसाको बाटोतर्फ उन्मुख गराउँछ । अहिंसाको बाटोमामात्र हिँड्न सके पनि मानसिक विकास सम्भव हुन्छ । किनकि हामीले यदि इतिहासलाईमात्र पनि पल्टाएर हेर्ने हो भने हिंसा, हत्याका कारण थुप्रै मानसिक समस्याहरु वा रोगहरु उत्पन्न भएका थिए । जस्तै आत्महत्या, उदासिनता, हिस्टेरिया । यी यस्ता समस्याहरुले यसरी मनलाई वशमा राख्न नसकेर मानसिक विकास हुन दिदैन । त्यसकारण मानसिक विकासको सुनिश्चितता केवल बुद्धधर्मले गर्नसक्छ ।

२५५९ औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।



विगत सय वर्षदेखि ग्राहकहरुको विश्वास
जित्दै विविध भ्रमहरुबाट मुक्त हुन सफल
पुर्खौंदेखि चल्दै आइरहेको तपाईंहरुको
विश्वसनीय सुनचाँदी गहना पसल

**श्री गणेश ज्यास:पस:**

भक्तपुर, फोन नं. ६६१०६०१, ६६११६४४, ६६१५८२८

२५५९ औं बुद्ध जयन्तीया
लसताय्
सकल मानव पिनिगु भिंगु
चेतना
जागृत जुइमा धका भिन्तुना
देछाय च्वना ।



**सिद्धि गणेश ज्यास: पस:**

चोर्चा-६, भक्तपुर

फोन नं. ६६१३४७८, मो.नं. ९८४१६९७०१, ९८६०३३५६९७




हामी कहाँ बिभिन्न डिजाइनका अर्डर बमोजिम सुनचाँदीका
गर गहना तयार गरिन्छ ।



२५५९ औं

**बुद्ध जयन्तीको**

उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**सुगतराज शाक्य एण्ड सन्स**

भक्तपुर -६, इनाचो टोल

# त्रैमासिक "अर्हत" वर्ष ३, अंक १ देखि ४ सम्मको वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

१) देबसुन्दर शाक्य भ.न.पा. ८ तुलाछें मो. ९८४१२८५५७८
२) सूर्यविनायक कोल्ड स्टोर भ.न.पा. १२ बोलाछें, फो. ६६१६६६६
३) कृष्णबहादुर सुवाल, सूर्यविनायक
४) सीताराम कुम्पाख, भ.न.पा. ५ भोलाछें
५) मानन्धर हार्डवयर् सेन्टर सूर्यविनायक फो. ६६१०९४४
६) लक्ष्मीभक्त कवां, सूर्यविनायक
७) भक्तपुर हार्डवयर् सेन्टर, सूर्यविनायक, फो. ६६१६२०५
८) तुल्सीभक्त अवाल, भ.न.पा. १०, व्यासी
९) सीताराम अवाल
१०) तुल्सीलाल बासुकला भ.न.पा. १०, व्यासी, मो. ९८५१०६२६८०
११) विष्णु सुवाल भ.न.पा. ९ चोछें, मो. ९८४१९८७३०३
१२) विरेन्द्र सुवाल भ.न.पा. ९ चोछें, मो. ९८४१६५४२२७
१३) श्री प्राथमिक विद्यालय भ.न.पा. ५, याछें
१४) श्री नवदुर्गा क्याटरिङ्ग सर्भिस भ.न.पा. १०, महाकालीस्थान
१५) केशव दिवाकर भ.ना.पा. ८, तुलाछें
१६) हरि अवाल, सूर्यविनायक
१७) दिपा प्रजापति, सूर्यविनायक
१८) आभा प्रजापति, सूर्यविनायक
१९) रुपा प्रजापति
२०) दिलसा
२१) गोपीकृष्ण प्रजापति भ.न.पा. ९ तुछिमला-आजीवन
२२) रुसा प्रजापति भ.न.पा १ च्याम्हासिंह
२३) दैव अवाल भ.न.पा. ५ तुछिमला
२४) काजीबहादुर अवाल भ.न.पा. ५ तुछिमला
२५) नारायणप्रसाद कर्माचार्य
२६) तुल्सीभक्त श्रेष्ठ भ.न.पा. ८ सुकुलढोका, फो. ६६१०६०८
२७) विवेकमान कर्माचार्य भ.न.पा. ८ तुलाछें मो. ९८५१०३३२५२
२८) न्हुछेकुमार अवाल भ.न.पा. ९ तुछिमला
२९) छुमा गणेश सहकारी
३०) दिपा प्रजापति, सूर्यविनायक गपली भ.न.पा. १४
३१) कृपा प्रजापति भ.न.पा. ९, तुछिमला
३२) ए एण्ड ए ट्रेडर्स भ.न.पा. ११ मो. ९८५१००४९०६
३३) चिभा ज्यास: भ.नपा. ८ तुलाछें मो. ९७४१०१३१५६
३४) रामहरि श्रेष्ठ
३५) श्री सत्यनारां अवाल भ.न.पा. ९ तुछिमला
३६) श्री सिद्धि कुमार अवाल भ.न.पा. ४, कमलविनायक
३७) श्री हरिशरण अवाल भ.न.पा. ४ बेखाल
३८) रा कृष्ण अवाल भ.न.पा. ९ तुछिमला मो. ९८४१३९४९४०
३९) इन्द्रप्रसाद अवाल भ.न.पा. ४ मुल्ढोका
४०) रत्नायन ज्वलरी भ.न.पा. १५ खौमा मो. ९८४१२४६४९७
४१) सुकुल्ढोका तेल पसल भ.न.पा. ८ मो. ९८५११८३२९७
४२) प्रेमज्योती शाक्य यागु ज्यास: भ.न.पा. ८ फो. ६६१३५५३
४३) देव फामेर्सी भ.न.पा. ८ सुकुल्ढोका फो. ६६१०७२४
४४) रामगोपाल सुवाल भ.न.पा. ८ सुकुल्ढोका
४५) कृष्णबहादुर श्रेष्ठ भ.न.पा. ९ सुकुल्ढोका फो. ६६१०९५३
४६) गणेश ज्यास: पस: A
४७) गणेश ज्यास: पस: B
४८) शुभकामना फोटोकपि भ.न.पा.११ साकोठा फो. ६६११०५५

४९) रामप्रसाद प्रजापति भ.न.पा. १ मो. ९८५१११९५५
५०) विश्वमोहन जोशी
५१) शिवबहादुर खुलीमुली, गुण्डु
५२) गणेश दुवाल, कमलविनायक
५३) सूर्यभक्त त्वाती, चित्तपोल
५४) उकेश कवां, गोम्हारी
५५) समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि., कटुंजे
५६) प्रकाश थुसा, भोलाछें
५७) पद्म बहादुर मानंधर, मुल्ढोका
५८) बाबुकाजी अमात्य, मुल्ढोका
५९) लक्ष्मीप्रसाद चवाल, भनपा -४, क्वाठण्डौ
६०) माधव सुवाल, भनपा-४, क्वाठण्डौ
६१) लक्ष्मीप्रसाद ह्यौंमिखा, महालक्ष्मी मो.९८४१६९२५१२
६१) सुन्दर शाक्य, भनपा-४, क्वाठण्डौ
६२) रामशरण खानीबन्जार, भनपा-३, तिनाछें
६३) न्हुछेरत्न बुद्धाचार्य, भनपा-४, क्वाठण्डौ
६४) गम्भिरराज बज्राचार्य, भनपा-४, थालाछें
६५) प्रमोद उलक, भनपा-४, मूलढोका


विश्व शान्तिका महानायक
महामानव गौतम बुद्धको जन्म,
सम्बोधिलाभ तथा महापरिनिर्वाण
दिन बैशाख पूर्णिमा
**'स्वाँया पुन्ही'** को
शुभ उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**रत्न पुस्तक भण्डार**
बागबजार, भोटाहिटी, काठमाडौं



विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको जन्म,
सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा
**'स्वाँया पुन्ही'** का
शुभ उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**बौद्ध दर्शन अध्ययन समाज**

गोल्मढी-७, भक्तपुर, फोन नं: ०१-६६१००२६
Email: Email: arhattraimasik@gmail.com

गतिविधि

# मैत्रेय युवा संघको १८ औं वार्षिक उत्सव

मैत्रेय युवा सङ्घको १८ औं वार्षिक उत्सव थथुवही जयकिर्ति महाविहारमा सम्पन्न भयो ।

पञ्चशीलबाट सुरु भएको उक्त कार्यक्रममा प्रमुख अतिथि श्रद्धेय ज्ञाणवति गुरुमाले उद्घाटन गर्नुभएको थियो । मैत्रेय युवा सङ्घका अध्यक्ष सत्य लक्ष्मी रञ्जितकारको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष तिर्थरत्न बज्राचार्यले स्वागत मन्तव्य दिनुभएको थियो ।

परियति शिक्षाका शिक्षक रेणु त्वायना, निवन्ध प्रतियोगितामा द्वितीय स्थान प्राप्त गर्नु हुने जमुना गोसाईंले परियति शिक्षासम्बन्धी अनुभव व्यक्त गर्नु भएको थियो । एभरेष्ट इङ्गलिस स्कूलका प्रिन्सिपल श्री भक्त राजभण्डारी र जेनिथ इङ्गलिस स्कूलका सहायक प्रिन्सिपल सुन्दर सुवालज्यूले स्कूलमा परियति शिक्षा पढाएर विद्यार्थीहरुलाई उपलब्धी भएको बारे प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

त्यस्तै परियति शिक्षालाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आर्थिक सहयोग गर्नु भएका दाताहरु-जोगलक्ष्मी बज्राचार्य, सूर्यशोभा बज्राचार्य, लक्ष्मीशोमा बज्राचार्य, न्हुछेकुमार लासिवा, माइला तामाङ्ग, संघरत्न शाक्यलाई ज्ञाणबति गुरुमाले बुद्ध मूर्ति उपहार प्रदान गर्नु भएको थियो । परियति शिक्षा पढाउँदै आउनु भएका शिक्षिका रेणु त्वायनालाई पनि सङ्घका उपाध्यक्ष तिर्थरत्न बज्राचार्यले कदरपत्र प्रदान गर्नु भएको थियो ।

युवा बौद्ध पुच:का अध्यक्ष धर्मरत्न शाक्यले शुभकामना मन्तव्य दिनु भएको थियो ।

प्रमुख अतिथि ज्ञाणबति गुरुमाले परियति शिक्षालाई बच्चा देखि नै पढाउनु पर्ने र भक्तपुरमा एभरेष्ट इङ्गलिस स्कूलबाट परियति शिक्षा पढाउँदै आएको कुरा प्रशंसनीय भएको र पछि सम्म परियति शिक्षा पढाउँदै गएमा विद्यार्थीहरु नैतिकवान र चरित्रवान हुने सान्दर्भिक मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा सङ्घका सचिव सञ्चित बुद्धाचार्यले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सभाका सभापति सत्यलक्ष्मी रञ्जितले धन्यवादको साथै सभा विसर्जन गर्नुभयो । मैत्रेय युवा सङ्घको विधानअनुसार नयाँ कार्य समिति गठन भइ उक्त कार्य समितिमा जातजातिलाई पनि नेतृत्व विकासको लागि जिम्मा दिनु पर्ने उद्देश्य लिइ कार्य समिति गठन भएको थियो ।

***पदाधिकारीहरु***

| | |
|---|---|
| अध्यक्ष | - सत्यलक्ष्मी रञ्जितकार |
| उपाध्यक्ष | - तिर्थराज बज्राचार्य |
| सचिव | - सञ्चित बुद्धाचार्य |
| सह-सचिव | - रशना बज्राचार्य |
| कोषाध्यक्ष | - माइला दोङ्ग |
| सदस्य | - रुद्र चित्रकार |
| सदस्य | - जमुना गोसाईं |
| सदस्य | - प्रमिला धुख्वा |
| सल्लाहकार | - लक्ष्मीचन्द्र बज्राचार्य |

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा

**'स्वाँया पुन्ही' को**

शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*Pro. Suva Ratna*

**GURJU TRADE HOUSE**

Inaga, Doodhpati, Bhaktapur-17
Ph: 01-6610521, Mo.9841358364, 9818349449
Email:shakya38@hotmail.com

**२५५९ औं बुद्ध जयन्ती तथा**

**'स्वाँया पुन्ही' को**

शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना **व्यक्त गर्दछौं ।**

*प्रो. सुनिल शाक्य/कुलदीप शाक्य*

**शाक्य इञ्जिनियरिङ्ग**

*आधुनिक मेसिन उत्पादन तथा मर्मत संभारका लागि सम्झनुहोस् ।*
भक्तपुर नपुखु मिनिबस पार्क-१७
(महांकाल मन्दिर पछाडी)
फोन नं. ६६१८०२६, मो.नं. ९८५१०९७८८४

मुख्यत धान चुट्ने थ्रेसर मेसिन, गहुँ चुट्ने पावर थ्रेसर मेसिन, सेरामिक सम्बन्धी पगमिल, हाम्बर मिल, पोल्ट्री सम्बन्धी फिड ग्रायण्ड फिड मिक्सचर हरेक प्रकारको पपर रि-साइक्लीन सम्बन्धी नाइफ विटर, प्रेस क्लायेण्डर मेसिनका साथै अर्डर बमोजिम विभिन्न मेसिनहरु उत्पादनका लागि हामीलाई सम्झनुहोस् ।

# कुशल धर्म:

१) प्राणी हिंसा **हुने**, प्राणमा आघात पुग्ने काम नगर्नु ।
२) अर्काको **शुभ र** लाभमा हानी नगर्नु ।
३) काम **मिथ्यामा** (व्यभिचारमा) नलाग्नु ।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य **कुरोको मात्र** प्रशंसा **गर्ने** भई झूटो प्रशंसामा **नलाग्नु** ।
६) **[illegible] सेवा** (परोपकार) गर्नु ।
७) **[illegible] मैत्रीपूर्ण व्यवहार** गर्नु ।
८) **सारयुक्त** कुराहरूमा मात्र चिन्तन-मनन गर्नु ।
९) सत्य, **यथार्थको** खोजमा लाग्नु ।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल **धर्म हो** ।

*साभार : बुद्ध र उहाँको धर्म*

# अनुरोध

अर्हत वर्ष ३ अंक १ वैशाख २१ गते बुद्ध जयन्तीको अवसरमा प्रकाशित हुनुपर्ने हो । तर महाभूकम्पको कारण समयमा **प्रकाशित** हुन सकेन । पत्रिकालाई निरन्तरता दिने विश्वासका साथ सम्पूर्ण पाठक, ग्राहक तथा विज्ञापनदातामा क्षमा प्राथी छौं ।

**बौद्ध दर्शन अध्ययन समाज परिवार, भक्तपुर**




विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा 'स्वाँया पुन्ही' तथा २५५५ बुद्धजयन्तीको शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

KHWOPA HIGHER SECONDARY SCHOOL
ESTD. 1999
BHAKTAPUR

KHWOPA COLLEGE
ESTD. 2001
BHAKTAPUR

**ख्वप उमावि / ख्वप कलेज**

देकोचा, भक्तपुर

फोन नं. ६६१०९३२, ६६१८०३१, ६६१४३३६

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

# हार्दिक समवेदना

बि.सं. २०७२ वैशाख १२ गते, शनिबारको महाभूकम्पमा परी निधन भएका सम्पूर्ण नेपालीहरुमा बौद्ध दर्शन अध्ययन समाज हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

भक्तपुर